# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः १८ मितिः २०८३ साल असार २५ गते

**भाग-एक**

## सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सिलीचोङ गाउँपालिका**

**स्थानीय सेवा (सञ्चालन र व्यवस्थापन)ऐन, २०८३**

**सम्बत २०८३ सालको ऐन नम्बरः१८**

**स्थानीय सेवा (सञ्चालन र व्यवस्थापन) तथा कर्मचारीकोव्यवस्थापन सेवाकोशर्त तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**<u>प्रस्तावना:</u>**सिलीचोङ गाउँपालिकाको स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन स्थानीय सेवाको व्यवस्थापन, सञ्चालन , सेवाको शर्त र गाउँपालिकाको कर्मचारीहरूको सञ्चालन , सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१)यो ऐनको नाम "स्थानीय सेवा (सञ्चालन र व्यवस्थापन) ऐन, २०८३"रहेको छ।

(२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) **"अवकाश"** भन्नाले कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बमोजिम उमेर वा सेवा अवधिको कारण हुने अवकाश सम्झनु पर्दछ र सो शब्दले जुनसुकै कारणले सेवा निवृत्त भएको अवस्था समेतलाई जनाउँछ ।

(ग) **"उपाध्यक्ष"**भन्नाले गाउँपालिकाकोउपाध्यक्षलाई सम्झनु पर्दछ

(घ) **"एकाघरको परिवार"** भन्नाले सम्बन्धित कर्मचारीको आमा, वुवा, पति वा पत्नी, नाबालक भाइबहिनी र छोराछारीलाई सम्झनु पर्दछ ।

(ङ) **"कर्मचारी"**भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, ज्यालादारीमा कार्यरत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले नेपालको संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम गाउँपालिकामा समायोजन भएका वा

समायोजन भई आउने कर्मचारी समेतलाई जनाउँदछ।

(च) **"कार्यालय"**भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(छ) **"कार्यपालिका"**भन्नाले गाउँपालिकाकोगाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ज) **"कोष"** भन्नाले दफा ७९ बमोजिम स्थापना भएको गाउँपालिकाको कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) सम्झनु पर्दछ ।

(झ) **"गाउँपालिका"**भन्नाले सिलीचोङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(ञ) **"गाउँ प्रहरी"**भन्नाले गाउँपालिकाद्वारा नियुक्त गाउँ प्रहरीलाई सम्झनु पर्दछ।

(ट) **"गाउँपालिकाको सेवा"** वा **"स्थानीय सेवा"** भन्नाले कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) सम्बन्धी प्रचलित कानून र यस ऐनको दफा ४३ बमोजिम

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

गाउँपालिकाको स्वकृत दरबन्दी र पदको सेवालाई सम्झनु पर्दछ ।

(ठ) **“गाउँ सभा”**वा **“सभा”**भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ड) **“तोकिएको”**वा **“तोकिए बमोजिम”**भन्नाले कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली, कार्यविधि, निर्देशिका एवम् समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) **“परिवार”**भन्नाले प्रचलित कानून बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको परिवारका सदस्यलाई सम्झनु पर्दछ।

(ण) **“प्रमुख प्रशासकीय अधिकृत”**भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछर सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भई कार्य गर्न

तोकिएको कर्मचारी समेतलाई जनाउनेछ ।

(त) **“भत्ता”**भन्नाले गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्ता सम्झनु पर्दछ।

(थ) **“योगदानाकर्ता”**भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दीमा नियुक्त भई प्रचलित कानून बमोजिम स्थापित योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सुचिकृतभई योगदान गर्ने कर्मचारीलाई सम्झनु पर्छ ।

(द) **“लेखा प्रमुख”** भन्नाले गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लेखा हेर्न तोकिएको लेखा अधिकृत सम्झनु पर्दछर सो शब्दले गाउँपालिकाको लेखा प्रमुख भई कार्य गर्न तोकिएको अधिकारी समेतलाई जनाउनेछ।

(ध) **"सङ्घीय ऐन"**भन्नाले तत्काल प्रचलनमा रहेको योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी ऐनलाई सम्झनु पर्छ ।

(न) **"सञ्चालक समिति"** भन्नाले कोष सञ्चालनका लागि गठन भएको दफा ९० बमोजिमको कोष सञ्चालक समितिलाई सम्झनु पर्दछ।

(ऩ) **"सेवाबाट अलग"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको सेवाबाट अवकाश प्राप्त गरेको, अन्य कुनै कारणले नोकरीबाट अलग भएको र बढुवा वा प्रतिस्प्रर्धात्मक परीक्षामा उर्तिण भई प्रदेश वा संघीय निजामती वा सरकारी सेवामा गएको अवस्था सम्झनु पर्दछ ।

(प) **"साविक स्थानीय निकायका कर्मचारी"** भन्नाले साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत् सम्बन्धी स्थानीय स्वायत्त शासन नियमावली, २०५६

वमोजिम नियुक्ती भएका स्थायी कर्मचारीहरूलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## गाउँपालिकाबाट प्रवाह हुने सेवा

३. **गाउँपालिकाले प्रवाह गर्ने सेवा**ः (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिकाले प्रवाह गर्ने सेवा यसै दफा वमोजिम हुनेछ।

(२) संविधानको अनुसूची-८ र अनुसूची-९ मा उल्लेखित विषय क्षेत्रसँग सम्बन्धित सेवा गाउँपालिकाले संघीय, प्रदेश वा स्थानीय कानून बमोजिम प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहले सेवा प्रवाह गर्नु पर्ने विषय क्षेत्रसँगसम्बन्धित सेवा गाउँपालिकाले सम्बन्धित कानून बमोजिम प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) संविधानको अनुसूची-८ र अनुसूची-९ मा उल्लेखित विषय क्षेत्रसँग सम्बन्धित सेवा गाउँपालिकाले

संघीय, प्रदेश वा स्थानीय कानून बमोजिम प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(५) नेपाल सरकार कार्यविस्तृतिकरण बमोजिम संविधानको अनुसूची-८ र अनुस्सुची-९ तथा अन्य प्रचलित कानून बमोजिमका विषय क्षेत्रसँग सम्बन्धित सेवा गाउँपालिकाले सम्बन्धित कानून बमोजिम प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

४. **गाउँपालिकाबाट सेवा प्रवाह गरिने**: (१) संविधानको अनुसूची-८ बमोजिमको गाउँपालिकाको एकल अधिकारक्षेत्रकाविषय क्षेत्रसँग सम्बन्धित सेवा गाउँपालिकाको कानून बमोजिम गाउँपालिकाबाट प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(२) संविधानको अनुसूची-९ बमोजिमको साझा अधिकाक्षेत्रकाविषय क्षेत्रसँग सम्बन्धित सेवा सम्बन्धित संघीय वा प्रदेश कानून बमोजिम गाउँपालिकाबाट प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संघीय वा प्रदेश कानूनले व्यवस्था नगरेको विषयमा गाउँपालिकाले

आफ्नै कानून बनाई सोहि कानून बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाबाट प्रवाह गरिनु पर्ने सेवा वडा तहबाट प्रवाह गर्ने गरी गाउँपालिकाले व्यवस्था मिलाउन सक्नेछ ।

५. **<u>स्थानीय शान्ति सुरक्षा</u>**ः (१) गाउँपालिकाले स्थानीय शान्ति सुरक्षा कायम राख्न, गाउँपालिकाको नीति, कार्यक्रम र निर्णय कार्यान्वयनमा सहयोग गर्नका लागि नगर प्रहरीको गठन र सञ्चालन  गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन र संचलान हुने नगर प्रहरीको पद, छनौट प्रक्रिया, नियुक्ति, काम, कर्तब्य र अधिकार लगायतका अन्य विषय यसै ऐन बमोजिम हुनेछ ।

६. **<u>सहकारी संस्थाको नियम र व्यवस्थापन</u>**ः (१) गाउँपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन  हुने सहाकारी संस्थाको दर्ता,सञ्चालन ,नियमन र व्यवस्थापनको कार्य गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका क्षेत्रभित्र स्थापना, दर्ता, र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, सञ्चालन , नियमन र व्यवस्थापन गाउँपालिकाको सहकारी ऐन बमोजिम हुनेछ ।

७. **एफ. एम. को नियम र व्यवस्थापन**: (१) गाउँपालिका क्षेत्रभित्र स्थापना र सञ्चालन हुने एफ. एम. को दर्ता, सञ्चालन , नियमन र व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका क्षेत्रभित्र स्थापना, दर्ता, र सञ्चालन हुने एफ.एम. को दर्ता, सञ्चालन , नियमन र व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले बनाएको एफ.एम. सञ्चालन समबन्धी कानून बमोजिम हुनेछ ।

८. **आर्थिक कार्यविधि**: (१) गाउँपालिकाले स्थानीय संचित कोषमा जम्मा हुने रकम, उक्त रकम परिचालन, स्थानीय कर तथा गैह्र कर राजश्व सम्बन्धि व्यवस्था गाउँपालिकाको कानूनमा तोकिए बमोजिम हुनेछ ।

९. **कर तथा गैह्र कर राजश्व**: (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

गाउँपालिकाले स्थानीय संचित कोषमा जम्मा हुने कर तथा गैह्र कर राजश्व संकलन, परिचालन, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले स्थानीय संचित कोषमा जम्मा हुने कर तथा गैह्र कर राजश्व संकलन, परिचालन, व्यवस्थापन र नियमन सम्बन्धमा देहाय अनुसारका कार्य गर्नेछ;-

(क) स्थानीय सञ्चितकोषबाट खर्च गर्न सकिने सम्बन्धी स्थानीयआर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानून निर्माण,कार्यान्वयन र नियमन,

(ख) स्थानीय बजेट सीमा निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन,

(ग) स्थानीय लेखा नियन्त्रण तथा व्यवस्थापन,

(घ) स्थानीय सञ्चित कोष संचालन,

(ङ) स्थानीय राजस्व र व्ययको अनुमान,

(च) संघीय कानून र प्रदेश कानून बमोजिम घाटापूर्तिको श्रोतव्यवस्था,

(छ) संघ र प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

(ज) स्थानीय खर्च, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्यसरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, आन्तरिकतथा अन्तिम लेखा परीक्षण,

(झ) स्थानीय तहको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथास्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

(ञ) आर्थिक साधनको बाँडफाँड र समता एवं स्थानीय विकासकालागि आर्थिक साधनको सर्वोत्तम उपयोग तथा परिचालन,

(ट) स्थानीय राजश्व सम्बन्धी नीति, कानून तर्जुमा कार्यान्वयन रनियमन,

(ठ) स्थानीय सार्वजनिक खर्च सम्बन्धी नीति तर्जुमा कार्यान्वयन रनियमन

(ड) स्थानीय ऋण तथा अनुदानको व्यवस्थापन र नियमन,

(ढ) स्थानीय लगानी प्रक्षेपण )सरकारी, सहकारी र निजीर ( वित्तीय व्यवस्थापन,

(ण) स्थानीय सरकारी सम्पतिको एकीकृत विवरण,

(त) स्थानीय सरकारी बाँकी रकमको लागत राखे र असुल उपर गर्ने र

(थ) संघीय, प्रदेश र स्थानीय कानून बमोजिम तोकिए अन्य कार्यहरू ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा प्रवाह सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र अन्यको हकमा गाउँपालिकाले बनाएको सम्बन्धित विषयको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयमा गाउँपालिकाले कानून बनाएको रहेनछ भने त्यस्तो विषय

प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१०. <u>स्थानीय सेवाको व्यवस्थापन</u>**: (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिकाले स्थानीय स्तरमा प्रवाह गर्नु पर्ने सेवा सञ्चालन , व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले देहाय अनुसारका सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ;-

(द) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त,योजना, कार्यान्वयन र नियमन,

(ध) संविधानको धारा ३०२ समेतका आधारमा कर्मचारी समायोजनपछि वित्तीय स्रोतका अधिनमा रहि आवश्यकता अनुसार कानूनबमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन,

(न) स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्तिविकास ,

(ऩ) संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाटस्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन,उपयोग र समन्वय ,

(प) कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण,

(फ) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिकोउपयोग, प्रवर्द्धन र नियमन ,

(ब) एम्बुलेन्स, सब बहान, बारूण यन्त्र सेवा सञ्चालन ,

(भ) भौतिक पूर्वाधार निर्माणमा प्रयोग हुने मेशिन औजार सञ्चालन ,र

(म) संघीय,प्रदेश र स्थानीय बमोजिम तोकिए अन्य कार्यहरू ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा प्रवाह सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएकोमा

यसै बमोजिम र अन्यको हकमा गाउँपालिकाले बनाएको सम्बन्धित विषयको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयमा गाउँपालिकाले कानून बनाएको रहेनछ भने त्यस्तो विषयप्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**११. <u>स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन</u>**ः (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका तथ्याङ्क संकलन र व्यवस्थापन सम्बन्धी नीति, आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन, तथ्याङ्क अभिलेख व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले देहाय अनुसारका सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ;-

(क) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड,योजना,

कार्यान्वयन र नियमन ,स्थानीय स्तरको अभिलेख व्यवस्थापन ,

(ख) संघीय कानून र मापदण्ड बमोजिम स्थानीय तहमा व्यक्तिगतघटना जन्म), मृत्यु, बिबाह, बसाइ सराइ सम्बन्ध बिच्छेद रधर्मपुत्रधर्मपुत्री/, बसाइ सराई ,को दर्ता (

(ग) आधुनिक प्रविधि अपनाइ व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,

(घ) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन,

(ङ) स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण,सम्बर्धन र पुननिर्माण,

(च) संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेख व्यवस्था,

(छ) स्थानीयस्तरमा सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्था,

(ज) आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन ,(स्थानीयतह)

(झ) आधारभूत बसोबास प्रदेश स)्तरमा ( समन्वय

(ञ) अव्यवस्थित बसोबासको व्यवस्थापनका कार्यक्रमको तर्जुमा र कार्यान्वयन

(ट) योजनावद्ध र व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा रकार्यान्वयन । एकीकृत बस्ती विकासका लागि जग्गाकोएकीकरण तथा जग्गा विकास र व्यवस्थापन

(ठ) गाउँपालिका क्षेत्रभित्रका रोजगार र बेरोजगारको तथ्याङ्क संकलन, प्रशोधन र सूचना प्रणाली विदेशी श्रमिकको सूचना व्यवस्थापन, र

(ड) संघीय, प्रदेश र स्थानीय कानून बमोजिम तोकिए अन्य कार्यहरू ।

(३) उपदफा(२)बमोजिम गाउँपालिका क्षेत्रभित्रका तथ्याङ्क संकलन र व्यवस्थापन सम्बन्धी नीति, आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन, तथ्याङ्क अभिलेख व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१२. <u>विकास आयोजना तथा परियोजना</u>**ः (१) गाउँपालिका क्षेत्रभित्रका स्थानीयस्तरका विकास आयोजना तथा परियोजना छनौट, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू समबन्धमा देहायाका कार्य गर्नेछ;-

(क) स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय,प्रविधि र

पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन,

(ख) अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन,

(ग) स्थानीय तहका सम्भाव्यता प्राकृतिक श्रोत, साधनको अभिलेख (प्रोफाईल) ,तयार गर्ने

(घ) स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धीनीति, कानून, मापदण्ड, योजना र नियमन ,

(ङ) सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान,अध्ययन, कार्यान्वयन र नियमन,

(च) राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन ,

(छ) स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन,सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत सम्भार ,

(ज) संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमासमन्वय, सहजीकरण र सहयोग ,

(झ) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धीनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ञ) स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा,सिंचाई र तटबन्धन सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माणस्तरोन्नतिका / आयोजना पहिचान,

अध्ययन,कार्यान्वयन, मर्मत, सम्भार, नियमन

(ट) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीय तह)

(ठ) वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी(स्थानीय तह)

(ड) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकासविस्तारका / कार्यक्रमको तर्जुमा र कार्यान्वयन (स्थानीयतह)

(ढ) सूचना प्रविधिमा सर्वसाधरण जनताको सहजसरल पहुँचबारेका कार्यक्रमको / तर्जुमा र कार्यान्वयन

(ण) स्थानीयस्तरमा सूचना प्रविधिको प्रयोग तथा उपयोग

(त) राज्यका नीतिप्राकृतिक स्रोत ) रसाधनको संरक्षण,संवर्द्धन र उपयोग सम्बन्धी नीति(

(थ) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

(द) स्थानीयस्तरमा पर्यटकीय महत्वका स्थल तथा सम्पदाकोपहिचान, संरक्षण र प्रवर्द्धन

(ध) स्थानीयस्तरमा पर्यटन पूर्वाधार विकास र प्रोत्साहन ,

(न) स्थानीय तह विकास नीति, स्थानीय स्तरका अल्पकालीन,मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथामुल्याङ्कन,

(प)स्थानीय प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,

(फ) स्थानीय मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा,

सिलीचोङ गाँउपालिका स्थानीय राजपत्र

(ब) स्थानीय स्तरमा संचालित केन्द्रीय र प्रादेशिक विकासआयोजना कार्यान्वयन, समन्वय, सहकार्य,

(भ) अध्ययन अनुसन्धान,

(म) वार्षिक विकास कार्यक्रम, स्वीकृति, कार्यान्वयन र नियमन

(य) गरिवी निवारणको रणनीति तर्जुमा

(र) अनुगमन तथा मुल्याङ्कनको आधार प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मुल्याङ्कन; विकास आयोजनाकार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षार ,

(ल)संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने स्थानीय स्तरका विकास आयोजना तथा परियोजना छनौट, सचालन, अनुगमन, मुल्याङ्कन

लागायत आयोजना सान्चालन सम्बन्धी अन्य कार्य गाउँपालिकाले बनाएको पूर्वाधार विकास समबन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१३. <u>आधारभूत तथा माध्यमिक शिक्षा र खेलकुद</u>**ः (१) गाउँपालिका क्षेत्रभित्रका आधारभूत तथा माध्यमिक शिक्षा सेवा प्रवाह सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षा सेवा प्रवाह सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक गुरुकुल), मदरसा, गुम्बा आदि (एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति,

कानून,मापदण्ड, योजना, कार्यान्वयन र नियमन ,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन ,

(ग) पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन,

(घ) विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन,

(ङ) विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन

(च) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

(छ) आधारभूत तह ८ कक्षा)) को परीक्षा व्यवस्थापन,

(ज) विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(झ) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(ञ) शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,

(ट) स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रबर्द्धन रस्तरीकरण,

(ठ) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन,

(ड) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ,

(ढ) स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालनतथा विकास,

(ण) स्थानीयस्तरमा खेलकुद प्रशासन र संघसंस्थाको नियमन र समन्वय,

(त) खेलकुद विकास र प्रवर्द्धन,

(थ) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(द) खेलकुद सम्बन्धी प्रादेशिक पूर्वाधारको विकास,

(ध) स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमनर ,

(न) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आधारभूत तथा माध्यमिक शिक्षा स्थानीयको सेवा प्रवाह, शैक्षिक संस्था सचालन, अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको शिक्षा सम्बन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१४. <u>आधारभूत स्वास्थ्य र सरसफाईः</u>** (१) गाउँपालिका क्षेत्रभित्रका आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रवाह सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१)

बमोजिम गाउँपालिकाले आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रवाह सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) आधारभूत स्वास्थ्य सेवा र सरसफाई सम्बन्धी नीति, कानून,मापदण्ड, योजना, कार्यान्वयनआधारभूत , सवास्थ्य सेवा संचलान, प्रवर्दन तथा नियमन,

(ख) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथाव्यवस्थापन,

(घ) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण,

(ङ) सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन,

(च) स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनःउपयोग, प्रशोधन, विसर्जन,सेवा शुल्क निर्धारण र नियमन,

(छ) रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा,

(ज) औषधि पसल सञ्चालन र नियमन,

(झ) स्वास्थ्य सेवाको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको लक्ष्य र गुणस्तर निर्धारण,

(ञ) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्गहोम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता,सञ्चालन अनुमति र नियमन,

(ट) स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(ठ) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ड) स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन,

(ढ) स्थानीय स्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधकप्रतिरोध )Antimicrobial Resistance) न्यूनीकरण,

(ण) स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारणर वितरण,

(त) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन,

(थ) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी ,(पब्लिक हेल्थ सर्भेलेन्स)

(द) स्थानीयस्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक, उपचारात्मक,पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा सञ्चालन,

(ध) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास,स्वास्थ्यवृत्तको

पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(न) जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन,सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि ,

(प)आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन,

(फ)स्थानीयस्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन,

(ब) स्थानीयस्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

(भ) आकस्मिक स्वास्थ्य सेवा प्रवाहर ,

(म) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा

स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रवाह, सवास्थ्य संस्था,सचालन, अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. <u>स्थानीय बजार व्यवस्थापन</u>:** (१) गाउँपालिका क्षेत्रभित्रका स्थानीय बजार व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले स्थानीय बजार व्यवस्थापन सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) स्थानीय व्यापारवाणिज्य/, माग / आपूर्ति, बजार व्यवस्थापनतथा



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अनुगमन र उपभोक्ता अधिकार एवम् हित सम्बन्धी नीति,कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(ख) स्थानीय बजार तथा हाटबजार व्यवस्थापन,

(ग) स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपणमूल्य निर्धारण र अनुगमन,

(घ) स्थानीय व्यापारवाणिज्य सम्बन्धी / ,पूर्वाधार

(ङ) स्थानीय बस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(च) स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लागत व्यवस्थापन र स्थानीय बस्तु एवं सेवाको गुणस्तर परीक्षणर ,

(ठ) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रका बजार स्थापना, सञ्चालन , नियमन, अनुगमन, मुल्याङ्कन लगायत अन्य कार्य गाउँपालिकाले बनाएको बजार सम्बन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१६. **<u>वातावरण संरक्षण र जैविक विविधता</u>**: (१) गाउँपालिका क्षेत्रभित्रको वातावरण संरक्षण र जैविक विविधताको संरक्षणका लागि गाउँपालिकाले आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले वातावरण संरक्षण र जैविक विविधता सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति,कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(ग) स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

(घ) स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ङ) स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकासअवलम्बन,

(च) स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन,

(छ) स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(ज) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,

(झ) मिचाह प्रजातिको नियन्त्रण,

(ञ) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(ट) जैविक विविधताको अभिलेखाङ्कन,

(ठ) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,

(ड) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा,कार्यान्वयन र अनुगमनर ,

(ढ) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन  र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्र को वातावरण संरक्षण र जैविक विविधता संरक्षणको

कार्य सञ्चालन , अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धी कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१७. **<u>न्यायिक सेवा, मेलमिलाप र मध्यस्थता</u>**: (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिका क्षेत्रभित्रको विवाद निरुपण, न्यायिक कार्य, मेलमिलाप र मध्यस्थता सम्बन्धमा आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका क्षेत्रभित्रको विवाद निरुपण, न्यायिक कार्य, मेलमिलाप र मध्यस्थता सम्बन्धी कार्य गाउँपालिकाले बनाएको न्यायिक कार्यविधि समबन्धी कानून बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१८. <u>घर जग्गा धनी पुर्जा वितरणः</u>** (१) गाउँपालिका क्षेत्रभित्रको घर जग्गा धनी पुर्जा को कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले वाघर जग्गा धनी पुर्जा वितरण सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) प्रादेशिक मापदण्ड बमोजिम स्थानीय घर जग्गा धनी पुर्जावितरणलागत व्यवस्थापन,

(ख) भूमिको वर्गीकरण अनुसारको लागत,

(ग) स्थानीय जग्गाको कित्ता काट र भूमि लागत नक्सा), सेस्तानिर्माण र ( ,संरक्षण

(घ) सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवंवितरणमा समन्वय र सहजीकरण,

(ङ) जग्गा विवाद समाधान,

(च) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवंवन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लागतर ,

(छ) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको घर जग्गा धनी पुर्जा वितरणको कार्य सञ्चालन , अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) यो दफा संघीय वा प्रदेश सरकारले कानून निर्माण गरी घर जग्गा धनीपुर्जा वितारको कार्य स्थानीय तहमा हस्तान्तरण गरेको मितिबाट प्रारम्भ हुनेछ ।

१९. **कृषि तथा पशुपालनः** (१) गाउँपालिका क्षेत्रभित्रको कृषि तथा पशुपालन,कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सम्बन्धी सेवा प्रवाहको कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले कृषि तथा पशुपालन,कृषि उत्पादनव्यवस्थापन, पशु स्वास्थ्य सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारपूर्वाधार निर्माण, साना सिंचाई निर्माण, तालिम, प्रविधि प्रसार,प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम संञ्चालन र नियमन,

(ग) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो रभरपर्दो सिंचाई विकासका आयोजनाको कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

(घ) कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगनियन्त्रण,

(ङ) पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन,

(च) कृषि वातावरण संरक्षण, जैविक विविधता संरक्षण र प्रबर्द्धन,

(छ) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्दन तथा विकास रबजारीकरण,

(ज) पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन,

(झ) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(ञ) पशु आहार गुणस्तर नियमन,

(ट) स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली,

(ठ) बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(ड) कृषि तथा पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(ढ) साना सिंचाई निर्माण तथा सुधार ,

(ण) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन,

(त) स्थानीय तहमा कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण,व्यवस्थापन र परिचालन,

(थ) कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(द) विउ विजन, नक्षा, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति,उपयोग र नियमन,

(ध) कृषक समूह, सहकारी र स्थानीय सम्बद्ध संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(न) स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधि संरक्षण र हस्तान्तरण,

(ऩ) कृषिसम्बन्धी सूचना प्रचारप्रसार,

(प) स्थानीयस्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापनर ,

(ज) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको क्षेत्रभित्रको कृषि तथा पशुपालन,कृषि उत्पादनव्यवस्थापन, पशु स्वास्थ्य लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२०. **<u>सामाजिक सुरक्षा र गरिबी निवारण</u>**ः (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी गाउँपालिका क्षेत्रभित्रको जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, सामाजिक सुरक्षा र गरोबी निवारण सम्बन्धमा आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) उपदफा(१) बमोजिम गाउँपालिकाले ष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुकोव्यवस्थापन, सामाजिक सुरक्षा र गरोबी निवारण सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र नियमन,

(ख) पहिचान भएका एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना,कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(ग) सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचनाव्यवस्थापन,

(ङ) गरीबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान,

(च) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचनाव्यवस्थापन र नियमन,

(छ) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन,

(ज) राष्ट्रिय, प्रादेशिक र स्थानीय संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य ,

(झ) स्थानीयस्तरमा समाजकल्याण सम्बन्धी संघसस्थाको दर्ता तथा नियमन,

(ञ) गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन,

(ट) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असाहय बालबालिकाका र एकल महिला सम्बन्धी कार्य ,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ठ) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन,

(ड) लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,

(ढ) उद्यमशीलता प्रवर्द्धन र ,

(ण) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका क्षेत्रभित्रको जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, संघ र प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीयस्तरमा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२१. **खानेपानी, साना जलाविद्यत आयोजना, वैकल्पिक ऊर्जा**ः

(१) गाउँपालिका क्षेत्रभित्रको खानेपानी, साना जलविद्युत आयोजना,वैकल्पिक ऊर्जा सम्बन्धि कार्य तथा सो को नियमन र व्यवस्थापनको कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले खानेपानी, सानाजलविद्युत आयोजना,वैकल्पिक ऊर्जा सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) सर्वसाधारणको लागि स्वच्छ खानेपानीको उपलब्धता,

(ख) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना,कार्यान्वयन र नियमन,

(ग) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापनसम्बन्धी,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति,कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(ङ) स्थानीय खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक ऊर्जासम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन,

(च) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालनर नियमन,

(छ) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(ज) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार सेवा शुल्क निधारण र संकलन व्यबस्थापन,

(झ) स्थानीय तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन,

(ञ) स्थानीय तहमा बैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून,मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(ट) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन ,

(ठ) नवीकरणीय उर्जाको उत्पादन तथा विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

(ड) विद्युत बितरण प्रणाली र सेवाको व्यवस्थापन,

(ढ) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(ण) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन रमर्मत - सम्भार सेवा शुल्क निर्धारण र संकलन ,व्यबस्थापन

(त) स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन नियमनअनुगमन,

(थ) स्थानीय पहिरो नियन्त्रण व्यबस्थापन नियमन अनुगमनर ,

(द) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको खानेपानी, सानाजलविद्युत आयोजना,वैकल्पिक ऊर्जा आयोजना सञ्चालन , अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२२. **<u>विपद व्यवस्थापन</u>**: (१) गाउँपालिका क्षेत्रभित्रको विपद व्यवस्थापन सम्बन्धि कार्य तथा सो को नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१)

बमोजिम गाउँपालिकाले विपद व्यवस्थापन सम्बन्धि कार्य तथा सो को नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड,योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय स्तर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना,

(ग) स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(घ) विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण,

(ङ) विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(च) विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन,

(छ) विपद् जोखिम न्यूनीकरणका स्थानीयस्तर आयोजना तर्जुमा,कार्यान्वयन र नियमन,

(ज) विपद् पश्चात स्थानीयस्तरको पुनस्थापन र पुनर्निर्माण,

(झ) स्थानीयस्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययनअनुसन्धान,

(ञ) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली ,

(ट) विपद जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयनर ,

(ठ) सङ्घीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको विपद व्यवस्थापन, अनुगमन, मुल्याङ्कन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२३. **जलाधार तथा वन्यजन्तु, खानी तथा खनिज पदार्थ संरक्षणः** (१) गाउँपालिका क्षेत्रभित्रको जलाधार तथा वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, उपयोग, नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले जलाधार तथा वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, उपयोग, नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) जलाधार तथा वन्यजन्तु सम्बन्धी स्थानीय नीति, कानून,मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी,

(ग) सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(घ) पानी मुहान संरक्षण,

(ङ) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(च) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून,मापदण्ड र नियमन,

(छ) ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य बस्तु सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन,

(ज) ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायरक्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र

उपयोगसम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(झ) स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथातथ्याङ्क संकलन, अभिलेखन तथा व्यवस्थापनर ,

(ञ) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको जलाधार तथा वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, उपयोग, नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

२४. **वन, जंगल, वन्यजन्तु र चराचुरूंगी जल उपयोग, वातावरण पर्यावरण** : (१) गाउँपालिका आफ्नो क्षेत्रभित्र वन, जंगल, वन्यजन्तु र चराचुरूंगीजल उपयोग, वातावरण पर्यावरण संरक्षण, उपयोग, नियमन, अनुगमन, मुल्यांकन र व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले वन, जंगल, वन्यजन्तु र चराचुरूंगी जल उपयोग, वातावरण पर्यावरण सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा सहरी, धार्मिक,कबुलियती वनको संरक्षण, सम्बर्द्धन, उपयोग र नियमन एवं बनउपभोक्ता समूहको व्यवस्थापन,

(ख) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(ग) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथासडक किनार वृक्षारोपण व्यवस्थापन,

(घ) स्थानीयस्तरमा निजी तथा व्यवसायिक बनको प्रवर्द्धन तथा नियमन,

(ङ) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वाक्षेत्रमा वृक्षारोपण, सम्भार र उपयोग तथा व्यबस्थापन,

(च) स्थानीयस्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारसम्बन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,

(छ) वनबीउ बगैंचा )Breeding Seed Orchards - BSOs) स्थापना,व्यवस्थापन र प्रवर्द्धन,

(ज) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(झ) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,

(ञ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन,

(ट) स्थानीयप्राणी उद्यान (चिडियाखाना) ,स्थापना र सञ्चालन

(ठ) स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जन,

(ड) स्थानीयस्तरमा आखेटोपहार व्यवस्थापनर ,

(ढ) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको जलाधार तथा वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, उपयोग, नियमन, अनुगमन, मुल्यांकन र

व्यवस्थापन लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२५. **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासः** (१) गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासका लागि गाउँपालिकाले आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले भाषा, संस्कृति र लालैत्कलाको संरक्षण र विकास सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) भाषासंस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धीस्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयननियमन,

(ख) पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार,प्रवर्द्धन र विकास,

(ग) परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन ,

(घ) स्थानीयस्तरमा गुठी अन्तर्गत परम्परागरत रुपमा चलिआएकाविभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

(ङ) स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन,

(च) स्थानीयस्तरमा पुरातात्विक धार्मिक महत्वका सम्पदाहरुको संरक्षण संवर्द्धन सम्बन्धी कार्य

(छ) स्थानीयस्तरमा सांस्कृतिक विकास तथा संवर्द्धन सम्बन्धी कार्यर ,

(ज) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्र प्रचलनमा रहेका भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास लागायत अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२६. **<u>यातायात व्यवस्था</u>:** (१) गाउँपालिका क्षेत्रभित्रको यातायात व्यवस्थापनको लागि गाउँपालिकाले आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले यातायात व्यवस्थापन सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) प्रचलित कानून बमोजिम स्थानीय तहमा सञ्चालन हुने सवारीसाधन अनुमति,

(ख) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड,योजना, कार्यान्वयन र नियमन,

(ग) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति,नवीकरण, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(घ) ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन,

(ङ) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम सम्बन्धी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको स्थानीयतहमा प्रवर्द्धन ,

(च) स्थानीय क्षेत्रमा ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मासट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(छ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय क्षेत्रभित्र शहरी (मेट्रोसिटी) रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार,समन्वय र सहकार्य,

(ज) स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन ,

(झ) आधारभूत यातायात मा (प्रदेशस्तर) ,समन्वय

(ञ) यातायात क्षेत्रमा लगानी अभिवृद्धि,

(ट) यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच,

(ठ) वातावरण अनुकूल मैत्री प्रविधिलाई/ प्राथमिकता,

(ड) नीजि यातायात नियमन,नियन्त्रण/

(ढ) सुरक्षित, व्यवस्थित, भरपर्दो र अपाङ्गतार ,मैत्री यातायात प्रणाली-

(ण) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको यातायात व्यवस्थापन सम्बन्धी अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२७. <u>युवा, महिला तथा वालवालिका</u>ः** (१) गाउँपालिका आफ्नो क्षेत्रभित्र युवा, महिला तथा वालवालिकाको सम विकासका आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी उपदफा (१) बमोजिम गाउँपालिकाले क्षेत्रभित्र युवा, महिला तथा बालबालिकाको सम्पूर्ण विकासका सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) महिलाहक सम्बन्धी नीति, योजना, कार्यान्वयन, समन्वय र नियमन,

(ख) स्थानीयस्तरमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र क्षमता विकास

(ग) लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक,संरक्षणात्मक उपाय र पुनस्थापना,

(घ) लैंगिक उत्तरदायी बजेट र परीक्षण सम्बन्धी कार्य,

(ङ) बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति,कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(च) स्थानीयस्तरमा बालबालिकाको हकहित संरक्षण,

(छ) स्थानीयस्तरमा बालमैत्री शासकीय प्रवन्ध, बाल क्लव, स्थानीयबाल संरक्षण समिति र बाल सञ्जाल,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ज) बालबालिकाको हकहित संरक्षण सम्बन्धी संघ, प्रदेश, निकाय र संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(झ) स्थानीयस्तरमा बालबालिका परिवार सहयोग,

(ञ) स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन,

(ट) स्थानीयस्तरमा बाल न्याय,

(ठ) स्थानीयस्तरमा बाल गृह पुनर्स्थापन केन्द्र, शिशु स्याहार केन्द्रर बाल विकास केन्द्र व्यवस्थापन,

(ड) स्थानीय स्तरमा सडक बालबालिका व्यवस्थापन,

(ढ) स्थानीय स्तरमा बालबालिकाको हिंसा नियन्त्रण,

(ण) लसुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, संचालन, अनुमति रनियमन,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(त) आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन,

(थ) स्थानीयस्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन,

(द) स्थानीयस्तरमा युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकासर ,

(ध) संघीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिका क्षेत्रभित्रको यातायात व्यवस्थापन सम्बन्धी अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२८. **विविध सेवा**ः (१) गाउँपालिका आफ्नो क्षेत्रभित्र संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर

नपर्ने गरी स्थानीय स्तरको आवश्यकता अनुसार विभिन्न कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय स्तरमा विविध विषय सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) स्थानीय स्तरबाट उपाधि, सम्मान र विभूषण प्रदान,

(ख) सँग र प्रदेशका लागि उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

(ग) अन्तर्राष्ट्रिय सन्धि सम्झौताको लागि संघ र प्रदेश तहमाअनुरोध, सिफारिस र सम्झौता कार्यान्वयनमा सहयोग,

(घ) स्थानीय तहमा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिमा विदा व्यवस्थापन,

(ङ) स्थानीय शान्ति समिति सम्बन्धी कार्य , र

(च) सङ्घीय र प्रादेशिक कानून बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका वा

स्थानीय तहले सञ्चालन र कार्यान्वयन गर्नु पर्ने आयोजना परियोजना ।

(३) यस दफा बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र विविध सेवा प्रबाह सम्बन्धी अन्य कार्य गाउँपालिकाले बनाएको कानून बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कानून नबने सम्म प्रचलित सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## वडा कार्यालयबाट प्रवाह हुने सेवा

२९. **वडा कार्यालयले प्रवाह गर्ने सेवा**ः (१) संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी वडाले प्रवाह गर्ने सेवा यसै दफा वमोजिम हुनेछ ।

(२) संविधान र प्रचलित कानून बमोजिम मा गाउँपालिकाले संघीय, प्रदेश वा स्थानीय कानून बमोजिम वडाले प्रवाह गर्ने गरी तोकेको सेवाहरू वडा तहबाट प्रवाह हुनेछ ।

(३) सङ्घीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहले सेवा प्रवाह गर्नु पर्ने विषय क्षेत्रसँग सम्बन्धित सेवा गाउँपालिकाले सम्बन्धित कानून बमोजिम वडा तहबाट प्रवाह गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

३०. **<u>वडा कार्यालयबाट सेवा प्रवाह गरिने</u>**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय स्तरको विभिन्न सेवाहरू प्रवाह गर्नेछ ।

(२) यस दफा बमोजिम वडा कार्यालयले आफ्नो क्षेत्रभित्र प्रबाह गर्ने सेवा सम्बन्धी कार्य यो ऐन र गाउँपालिकाले बनाएको अन्य कानून बमोजिम हुनेछ ।

३१. **<u>योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन</u>**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र संविधान र प्रचलित कानूनको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानीय स्तरको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन समबन्धी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडावडा कार्यालयले आफ्नो क्षेत्रभित्र स्थानीय स्तरमा योजना तर्जुमा,

कार्यान्वयन तथा अनुगमन सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(ख) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(ग) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

(घ) तोकिए बमोजिमका अन्य कार्य ।

**३२. <u>तथ्याङ्क अद्यावधिक तथा संरक्षण</u>**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र संविधान र प्रचलित कानूनको

सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी तथ्याङ्क अद्यावधिक तथा संरक्षणसम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) निजी घर तथा घर परिवारको लागत राख्ने,

(ख) ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने,

(ग) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लागत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको

वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने,

(घ) तोकिए बमोजिमका अन्य कार्य ।

३३. **भौतिक पूर्वाधार निर्माण कार्य**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माण सम्बन्धमा देहायाका कार्य गर्नेछ;-

(क) बाल उद्यानको व्यवस्था गर्ने,

(ख) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(ग) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(घ) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(ङ) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

३४. **शिक्षा, पोषण तथा स्वास्थ्य सेवा व्यवस्थापन** : (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र शिक्षा, पोषण तथा स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धमा देहायका कार्य गर्नेछ;-

(क) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(ख) स्वास्थ्य बिमा प्रवर्दन गर्ने,

(ग) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(घ) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(ङ) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(च) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(छ) अशक्त बिरामी भएको बेवारिसे वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ज) सुरक्षित मातृत्व, पूर्ण खोपतथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(झ) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(ञ) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(ट) विद्यार्थी भर्ना,

(ठ) शिक्षापोषण र स्वास्थ्य सेवा , व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य।

**३५. <u>खानेपानी तथा सरसफाइको कार्य</u>**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र खानेपानी तथा सरसाफाई व्यवस्थापन सम्बन्धमा देहायका कार्य गर्नेछ;-

(क) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(ख) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(ग) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(घ) खुला दिशामुक्त सरसफाई तथा वातावरणमैत्री शासन,

(ङ) खानेपानी तथा सरसाई व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य ।

**३६. <u>कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन कार्यः</u>** (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन सम्बन्धमा देहायका कार्य गर्नेछ;-

(क) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(ख) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्दन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(ग) कृषि बीउ विजन, प्राङ्गारिक कृषि,मल तथा औषधिको माग सङ्कलन गर्ने,

(घ) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(ङ) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(च) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(छ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य ।

३७. **आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास कार्यः** (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास सम्बन्धमा देहायका कार्य गर्नेछ;-

(क) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(ख) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्दन गर्ने,

(ग) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(घ) घरेलु उद्योगको लागत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ङ) वडाभित्र घरेलु उद्योगको प्रवर्दन गर्ने,

(च) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(छ) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ज) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(झ) वडालाई बालमैत्री बनाउने,

(ञ) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(ट) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(ठ) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया

प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(ड) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(ढ) असहाय वा बेवारिसे व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(ण) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लागत सङ्कलन गर्ने,

(त) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्दन गर्ने,

(थ) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(द) वडालाई वातावरणमैत्री बनाउने,

(ध) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने,

(न) आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका कार्य सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य ।

**३८. <u>नियमन सम्बन्धी कार्य</u>**ः (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र नियमन सम्बन्धमा देहायका कार्य गर्नेछ;-

(क) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(ख) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(ग) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(घ) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्दन गरी लागत राख्ने,

(ङ) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(च) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने

(छ) नियमन सम्बन्धी तोकिएका अन्य कार्य गर्ने ।

**३९. <u>प्रमाणित गर्ने</u>ः** (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र भए गरेका देहाय अनुसारका विषय सम्बन्धमा प्रमाणित गर्ने कार्य गर्नेछ;-

(क) नाता प्रमाणित गर्ने,

(ख) जन्म मिति प्रमाणित गर्ने,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(घ) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(ङ) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(च) घर बाटो प्रमाणित गर्ने,

(छ) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(ज) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(झ) जीवितसँगको नाता प्रमाणित गर्ने,

(ञ) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(ट) हकवाला वा हकदार प्रमाणित गर्ने,

(ठ) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य विषय प्रमाणित गर्ने ।

४०. **सिफारिस गर्ने**: (१) वडा कार्यालयले आफ्नो क्षेत्रभित्र भए गरेका देहाय अनुसारका विषय सम्बन्धमा सिफारिस गर्ने कार्य गर्नेछ;-

(क) नागरिकता तथा नागरिकताको प्रतिलिपि वा वैवाहिक अङ्गीकृत नागरिकता लिनका लागि सिफारिस गर्ने,

(ख) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(ग) मोही लागत कट्टाको सिफारिस गर्ने,

(घ) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(ङ) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(च) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(छ) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने तथा जग्गा

धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(ज) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने तथा नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(झ) कित्ताकाट गर्न सिफारिस गर्ने,

(ञ) जीवित रहेको सिफारिस गर्ने,

(ट) जग्गानामसारी तथा जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(ठ) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(ड) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने तथा विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने

(ढ) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,

(ण) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(त) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(थ) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(द) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(ध) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,

(न) प्रचलित कानून बमोजिम प्रत्यायोजित अधिकारको अन्य विषयको सिफारिस गर्ने।

४१. **वडा समितिले कार्य गर्नेः** (१) यस परिच्छेद बमोजिम वडा कार्यालयले गर्ने भनिएको सबै कार्य वडा समितिले गर्ने छ ।

(२) यस परिच्छेदमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाबाट वडा समितिको काम, कर्तव्य रअधिकार भनि तोकिएका कार्य वडा समितिले सम्पादन गर्नेछ ।

(३) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

## परिच्छेद४-

## स्थानीय सेवाकाकर्मचारी सम्बन्धी व्यवस्था

४२. <u>**स्थानीय सेवाको गठन**</u> : (१) गाउँपालिकामा देहाय अनुसारको स्थानीय सेवा र समुहहरूकोसेवा गठन गरिनेछ;-

(क) प्रशासन सेवा,

(ख) प्राविधिक सेवा,

(ग) स्वास्थ्य सेवा,

(घ) विविध सेवा ।

(२) उपदफा (१) बमोजिमका सेवा अन्तर्गत देहाय बमोजिमका विभिन्न उप-समूहहरू रहनेछन्;-

(क) प्रशासन सेवा;-

(अ) सामान्य प्रशासन समुह,

(आ) लेखा समुह,

(इ) राजस्व समुह।

(ख) प्राविधिक सेवा;-

(अ) इन्जिनियरीङ समुह,

(आ) शिक्षा समुह,

(इ) कृषि समुह,

(ई) पशु स्वास्थ्य समुह र ,

(उ) सूचना प्रविधि समूह।

(ग) स्वास्थ्य सेवा

(अ) सामान्य चिकित्सा )General Medicine),

(आ) जनस्वास्थ्य समुह,

(इ) हेल्थ इन्सपेक्सन )Health Inspection),

(ई) नर्सिङ )Nursing),

(उ) प्रयोगशाला समुह,

(ऊ) मेडिकल ल्याबोरेटरी टेक्नोलोजी )Medical Laboratory Technology),

(ऋ) रेडियोग्राफी )Radiography),

(ए) ) फार्मेसीPharmacy),

(ऐ) ) आयुर्वेदAyurveda),

(ओ) फिजियोथेरापी )Physiotherapy),

(औ) ) डेन्टलDental),



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

अं) ) होमियोप्याथीHomeopathy),

(:अ) नेत्र विज्ञान )Ophthalmology),

(अअ) एनेस्थेसियोलोजी )Anesthesiology), र

(अआ) स्वास्थ्यशिक्षा )Health Education) ।

(घ) विविध सेवा;-

(अ) खण्ड (क), मा (ग) र (ख) नपरेकाअन्य उप-समूहहरू ।

(३) उपदफा (२) मा जुससुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमका सेवा अन्तर्गत आवश्यकता र सन्तुलनका आधारमा कार्यपालिकाले तोके बमोजिमका विभिन्न उप-समूहहरू रहन सक्नेछन् ।

४३. **<u>गाउँपालिकाको दरबन्दी</u>** : (१)गाउँपालिकामा गाउँ कार्यपालिका कार्यालयको प्रमुख भई काम काज गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रहनेछ ।

(२) गाउँपालिकालाई आवश्यक पर्ने कर्मचारीहरूको दरबन्दी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा कार्यपालिकाको सिफारिसमा सभाबाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा एक र अर्को सर्वेक्षणबीचको अवधि कम्तिमा पाँच बर्षको हुनु पर्नेछ ।

(४)गाउँपालिकाको कर्मचारीहरूको दरबन्दी निर्धारण गर्दा संगठन तथा ब्यवस्थापन सर्वेक्षण, स्रोतको सम्भाब्यतालाई आधार मानि आवश्यकता र सन्तुलनको आधारमा गरिनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम दरबन्दी सृजाना गर्दा स्थायी, अस्थायी वा करारका दरबन्दी सिर्जना गर्न सकिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि  निरन्तर सेवा लिनु पर्ने पदको लागि अस्थायी वा करार दरबन्दी सिर्जना गर्न सकिने छैन ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनिकुनै परियोजना सञ्चालन  गर्न परियोजना

अवधिका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी वा विशेस प्रकारको सेवा प्रवाह र अध्यक्ष वा उपाध्यक्षको सचिवालयका लागि आवश्यक कर्मचारीको लागि अवधि तोकी अस्थायी वा करार दरबन्दी सिर्जना गर्न सकिनेछ ।

स्पष्टिकरण : यस उपदफाको प्रयोजनको लागि 'विशेष प्रकारको सेवा÷ भन्नाले गाउँ प्रहरी,गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विषयसँग सम्बन्धीत कार्य तथा प्राविधिक सेवाको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति हुन नसके अवस्थालाई सम्झनु पर्दछ ।

४४. **गाउँपालिकाको स्थानीय सेवा प्रवेशको न्यूनतम योगयताः** गाउँपालिकाको स्थानीय सेवामा प्रवेशको तहरन्यूनतम शैक्षिक तथा अनुभव सम्बन्धी योग्यता कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

४५. **गाउँपालिकाको दरबन्दीमा पदपूर्ति सम्बन्धी व्यवस्था** : (१) दफा ४३ को उपदफा (१) बमोजिमको पदमा गाउँपालिकाले नै दरबन्दी सिर्जना गरी नियुक्त नगरे

सम्मसंघीय सरकारले खटाएको निजामती सेवाको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत खटाउँदा सङ्घीय सरकारले नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहको कम्तिमा रा.प.तृतीय श्रेणीको कर्मचारी खटाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खटाइएको प्रमुख प्रशासकीय अधिकृतको तलब, भत्ता तथा अन्य सेवा सुविधा अधिकृतस्तर सातौ तहको भन्दा कम हुने छैन ।

(४) गाउँ कार्यपालिका कार्यालयमा रहने अन्य सबै सेवा समूह र श्रेणीका कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतको मातहत रहनेछन् ।

(५) दफा ४३ बमोजिम गाउँपालिकाको कर्मचारीको स्वीकृत स्थायी दरबन्दीमा पदपूर्ति गर्दा प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ ।

(६) कर्मचारी पदपूर्ति सम्बन्धमा प्रचलित संघीय र प्रदेश कानूनले अख्तियार गरेको सिद्धान्तका आधारमाखुल्ला र अन्य प्रतिस्पर्धाबाट पदपूर्ति हुने पदको पदपूर्ति प्रतिशत प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) दफा ४३ को उपदफा (७) बमोजिम सिर्जना भएको दरबन्दीमा पदपूर्ति दफा ४६ बमोजिम गठित समितको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(८) राज्य पुर्नसंरचनाका क्रममा समायोजन भई गाउँपालिकामा दरबन्दी कायम हुन आई सोही समय देखि यो ऐन प्रारम्भ हुँदाको बखतसम्म गाउँपालिकामा नै अविच्छिन्न रूपमा सेवारत रहेका कर्मचारीको लागि यो ऐन प्रारम्भ भएपछि लोकसेवा आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिन अवसर दिइनेछ।

(९) साविक स्थानीय निकायमा अस्थाई वा करार सेवामा नियुक्ति भई यो ऐन प्रारम्भ हुँदाको बखतसम्म गाउँपालिकामा नै अविच्छिन्न रूपमा सेवारत

रहेका कर्मचारीको लागि यो ऐन प्रारम्भ भएपछि लोकसेवा आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिन अवसर दिइनेछ।

(१०) उपदफा (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी अवसर दिंदा संगठन व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपछी लोकसेवा आयोगबाट सञ्चालन हुने परीक्षामा सहभागी हुन अवसर दिनु पर्नेछ ।

(११) उपदफा (८), (९) र (१०) बमोजिम अवसर पाएका कर्मचारीको हकमा यो ऐन प्रारम्भ भए पछि प्रदेश लोकसेवा आयोगबाट लिईने पहिलो र दोस्रो मध्ये कुनै एक परिक्षामा सामेल हुन उमेर हद लाग्ने छैन ।

(१२) उपदफा (११) बमोजिमको अवधिमा हुने परिक्षामा सहभागी नभएमा वा सहभागी भई असफल भएमा त्यस्तो कर्मचारी स्वतः अवकाश हुनेछ ।

४६. <u>**कर्मचारी सिफारिस समिति**</u> : (१)दफा ४३ बमोजिम कायम भएको प्राविधिक सेवाको दरबन्दीमा स्थायी



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

नियुक्ति हुन नसकेमा वा दफा ४३ को उपदफा (७) बमोजिमको दरबन्दी र पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्न वा यस ऐन बमोजिम गाउँ प्रहरी नियुक्तिको लागि सिफारिस गर्नका लागि गाउँपालिकामा देहाय अनुसारको एक कर्मचारी छनौट समिति रहनेछ;-

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) सम्बन्धित विषय हेर्ने शाखाको प्रमुख -सदस्य

(ग) कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख -सदस्य

सचिव

स्पष्टिकरण को प्रयोजनको लागि (ख) खण्ड : सम्बन्धित विषय हेर्ने शाखा भन्नाले जुन सेवा वा समुहको लागि कर्मचारी छनौट गरिएन हो सोहि सेवा वा समुह हेर्ने शाखा सम्झनु पर्दछ र यसरी सेवा वा समुह नखुलेकोमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको बरिष्ठतम अधिकृत वा त्यस्तो अधिकृत कर्मचारी नभएमा

बरिस्ठतम कर्मचारी यस दफा बमोजिमको छनौट समितिको सदस्य रहनेछ ।

(२)उपदफा (१) बमोजिमको समितिले नियुक्तिका लागि सिफारिस गर्दा कोशी प्रदेश ओक सेवा आयोग बाट समान पदका लागि लिइएको पछिल्लो परीक्षाबाट बैकल्पिक उम्मेदवारको रूपमा सिफारिस भएका उम्मेदवारहरूमध्ये बाट दरखास्त आह्वन गरी पर्न आएका आवेदकहरू मध्येबाट छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त माग गर्दा आवेदन प्राप्त नभए वा कम्तिमा तीन जनाको दरखास्त नपरेमा खुला दरखास्त आह्वनन गरी प्रचलित कानूनको प्रक्रिया पुरा गरी करार सेवामा नियुक्तिका लागि सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।

४७. **नियुक्ति दिनु पर्ने** : (१)गाउँपालिकालाई आवश्यक पर्ने कर्मचारीहरूको स्वीकृत दरबन्दीमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरुको स्थायी नियुक्ती "स्थानीय सेवाको गठन, संचालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०" कोशी प्रदेश बमोजिम हुनेछ ।

(२) कर्मचारी नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **<u>पदस्थापन गर्नु पर्ने</u>** : (१)दफा ४७ बमोजिम नियुक्त हुने कर्मचारीलाई नियुक्ति गर्दा कै अवस्थामा निजको पदस्थापन समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पदस्थापन गर्दा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकताको आधारमा रिक्त स्थानमा पदस्थापन गर्नु पर्नेछ ।

(३) पदस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **<u>कार्यसम्पादन सम्झौता गरिने</u>** : (१) बार्षिक रूपामा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत सँग, प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग र शाखा प्रमुखले शाखाका अन्य कर्मचारीसँग कार्य सम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा उक्त अवधिमा गर्नु पर्ने मुख्य- मुख्य कार्यहरू त्यस्तो कार्य सम्पन्न पुष्टि हुने सूचक समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।

(३) स्थायी वा अस्थायी वा करार सेवा वा अन्य जुनसुकै सेवामा गाउँपालिकामा कार्य गर्न तोकिएका स्थानीय सेवा, प्रदेश सेवा र संघीय सेवाका कर्मचारीले यस दफा बमोजिम गरिने कार्य सम्पादन सम्झौता गर्नु गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम कर्यासम्पादन सम्झौता भएकोमा सम्झौता अनुसार काम भए नभएको सम्बन्धमा करार गराउने अधिकारीले अनुगमन र मुल्याङ्कन गरी आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(५) वार्षिक कार्यसम्पादन करारका सूचकहरु कार्यालयको सिफारिसमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) कार्य सम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. <u>कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार,प्रोत्साहन लगायत सम्पूर्ण भत्ता र सजायः</u>**(१) स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी

प्रचलित कानूनमा तोकिए बमोजिम अर्ध वार्षि/वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अतिरिक्त बार्षिक कार्यसम्पादन मूल्यानाकन गर्दा दफा ४९ बमोजिम भएको कार्य सम्पादन सम्झौताको समेत मूल्यायांकन गरी त्यस्तो सम्झौता र सो को मुल्याङ्कन प्रति समेत संलग्न गरिनु पर्नेछ ।

(३) दफा ४९ बमोजिमको कार्य सम्पादन मुल्याङ्कन गर्दा कार्य सम्पादन सम्झौताको शर्त र सूचकको आधारमा यथार्थ परक रूपमा गरिएको हुनु पर्दछ ।

(४) कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने कार्य सम्पादन मूल्याङ्न सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले यस दफा बमोजिम यथार्थ परक मुल्याङ्कन गरेको नपाईएमा त्यस्तो सुपरिवेक्षक वा पुनरावलोकनकर्ताको कार्य सम्पादन

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

मूल्याकनमा अंक न्यूनतम शुन्य दशमलव पाँच र अधिकतम दुई अंक कटौती गरिनेछ ।

(६) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सम्मान सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(७) कार्यालय समयको अतिरिक्त समयमा समेत सेवा प्रवाहमा खटिएका तथा थप जिम्मेबारी भएका शाखा प्रमुख तथा अन्य कर्मचारीहरुलाई कार्यसम्पादनमा उत्प्रेरणाका लागि थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ । उक्त भत्ता विनियोजन ऐनमा विनियोजित बजेट सिमाभित्र रहि कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

(८) कानून बमोजिम गठन हुने विभिन्न विषयगत समितिको बैठक वापतको बैठक भत्ता उपलब्ध गराउन सक्नेछ, उक्त बैठकको भत्ता विनियोजन ऐनमा विनियोजित बजेट सिमाभित्र रहि संघिय र प्रदेश कानूनमा तोकिएबमोजिम तथा अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(९) बजेट निर्माणमा खटिएका प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखामा कार्यरत शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतले उक्त काममा जिम्मेवारी दिई खटिएका कर्मचारीलाई प्रोत्साहन स्वरुप १.५ महिनाको तलब स्केल बराबरको रकम उपलब्ध गराउन सक्नेछ ।

(१०) करार सेवामा कार्यरत कर्मचारीहरुलाई समेत उत्प्रेरणा अभिवृद्धि गर्नका लागि विनियोजन ऐनमा विनियोजित बजेट सिमाभित्र रहि कार्यपालिकाले निर्णय गरेबमोजिम महंगी भत्ता उपलब्ध गराउन सक्नेछ ।

(११) जटिल भौगोलिक परिवेशलाई मध्यनजर गर्दै प्राविधिक कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धि गर्नका लागि विनियोजन ऐनमा विनियोजित बजेट सिमाभित्र रहि कार्यपालिकाले निर्णय गरेबमोजिम फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(१२) जटिल भौगोलिक परिवेश तथा कार्यालय समयको अतिरिक्त समयमा समेत कार्य गरे वापत ब्याकहो लोडर चालकलाई उत्प्रेरणा अभिवृद्धि गर्नका

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

लागि विनियोजन ऐनमा विनियोजित बजेट सिमाभित्र रहि मासिक रुपमा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(१३) कार्य सम्पादन मूल्याङ्कन तथा भत्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१.** **<u>स्तर वृद्धि</u>** : (१)गाउँपालिकामा कार्यरत कर्मचारीहरूको कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) सम्बन्धी प्रचलित कानून बमोजिम स्तर वृद्धि हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शुरू नियुक्ति गाउँपालिकामा नै भई निरन्तर गाउँपालिकामा नै सेवा गरी रहेका देहायका कर्मचारीको देहाय अनुसार सेवा सुविधा प्राप्त गर्ने गरी गाउँपालिकाले प्रोत्साहन स्तर वृद्दि गर्न सक्नेछ;-

(क) अधिकृतस्तर सातौबाट आठौ तहमा स्तरवृद्धिका लागि न्यूनतम सेवा अवधि५ (पाँच) वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह,

(ख) अधिकृतस्तर छैटौबाट सातौं तहमा स्तरवृद्धिका लागि न्यूनतम सेवा अवधि



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

७ (सात) वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह,

(ग) सहायकस्तर पाँचौबाट अधिकृतस्तर छैटौ तहमा स्तरवृद्धिका लागि न्यूनतम सेवा अवधि ७ (सात) वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह,

(घ) सहायकस्तर चौथोबाट पाँचौ तहमा स्तरवृद्धिका लागि न्यूनतम सेवा अवधि ८(आठ) वर्ष र शैक्षिक योग्यता प्रविणताप्रमाण पत्रवा सो सरह,

(ङ) सहायकस्तर चौथोबाट पाँचौ तहमा स्तरवृद्धिका लागि न्यूनतम् सेवा अवधि १२ (बाह्र) वर्ष र शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह,

(च) सहायकस्तर तेश्रोबाट चौथो तहमा स्तरवृद्धिका लागि न्यूनतम्सेवा अवधि १० (दश) वर्ष र शैक्षिक योग्यता दश कक्षा वा सो सरह उत्तीर्ण,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(छ) कार्यालय सहयोगी श्रेणी विहिन स्तर वृद्धिका लागि न्यूनतम् सेवा अवधि ७ (सात) वर्ष र शैक्षिक योग्यता आठ कक्षा वा सो सरह उत्तीर्ण ।

(३) उपदफा (२) बमोजिमको स्तर वृद्दि गाउँपालिकाको सेवामा अविछिन्न सेवारत रहेको र कुनै पनि बढुवा वा स्तर वृद्दि नभएको कर्मचारीको हकमा मात्र लागु हुनेछ ।

(४) उपदफा (२) बमोजिम गाउँपालिकाको निर्णयले स्तर वृद्दी भई गाउँपालिकामा नै निरन्तर सेवा गरीसेवा निवृत्त भएमा प्रचलित कानून बमोजिम अवकाश हुँदाका बखतको तह र स्तर बमोजिमको सेवा सुविधा प्रदान गरिनेछ ।

स्पष्टिकरणः पाँचौ तहमा शुरू नियुक्ति लिई छैटौ तहबाट अवकाश भएमा छैटौ तहको नै अवकाश सुविधा उपलब्ध गराइनेछ ।

(५) उपदफा (२) बमोजिम स्तर वृद्दी भएको कर्मचारीको कार्यपालिका कार्यालयबाट सरुवा भएमा त्यस्तो स्तर वृद्धि कायम नभई कोशी प्रदेशको स्थानीय

सरकारी सेवा (गठन तथा सञ्चालन ) सम्बन्धी प्रचलित कानून बमोजिम शुरु नियुक्ति स्तर र तह नै कायम हुनेछ ।

(६) अस्थायी र करार सेवामा कार्यरत कर्मचारीको स्तर वृद्दि हुने छैन ।

**५२. <u>स्तर वृद्धि सम्बन्धी मापदण्ड</u>** : (१)गाउँपालिकाले दफा ५१ को उपदफा (२) बमोजिम स्तर वृद्दि देहाय बमोजिम मापदण्ड अनुसार योग्यता पुगेका कर्मचारीहरूको मात्र स्तरवृद्धि गरिनेछ ।

(क) स्तरवृद्धि हुने कर्मचारीको म्याद नाघेको पेश्की र असुल उप गर्नुपर्ने वेरुजु फरफारक भएको हुनु पर्ने,

(ख) एक पटक स्तरवृद्धि गरिएको कर्मचारीलाई सेवा अवधिभर पुनःस्तर वृद्धिका लागि योग्य मानिने छैन।

(२) संघबाट समायोजन भएको अधिकृत तथा कर्मचारीले यस ऐन बमोजिम योग्यता पुरा भएपछि स्तरवृद्धिका लागि निवेदन पेश गर्न सक्नेछन ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(३) मापदण्ड पुरा भएको अवस्थामा कार्यपालिको निर्णय बमोजिम स्तरवृद्धि गर्न सकिनेछ ।

(४) साविक स्थानीयनिकायको कर्मचारीहरूकोहकमा यस ऐन बमोजिम योग्यता पुगेको कर्मचारीको स्तरवृद्धिको विवरण तयार गरी यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखाले कर्मचारी प्रशासन हेर्ने कार्यपालिकाको समितिका संयोजक समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश हुन आएमा समितिको संयोजकले पेश हुन आएको विवरण यस ऐन बमोजिमको शर्त पुरा भए नभएको जाँच गरी यो ऐन बमोजिमको शर्त पुरा गरेको देखिएमा समितको बैठकमा पेश गरी समितिको सिफारिस सहित कार्यपालिका वैठक समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश हुन् आएकामा कार्यपालिकाले पेश हुन आएको मितिले तीस दिनभित्र स्तर वृद्दीको निर्णय गरी सक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम स्तरवृद्धि सम्वन्धी प्रस्ताव कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिले ३५ दिन पछि स्तर वृद्दी भएको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले स्तर वृद्दीको पत्र दिनु पर्नेछ ।

(८) यस दफा बमोजिम स्तरवृद्धि भएको कर्मचारीको थप आर्थिक दायित्व गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यहोरिनेछ ।

(९) गाउँपालिकाले उपदफा (८) बमोजिमको थप आर्थिक दायित्व व्यवस्थापनको लागि लागि एक छुट्टै कोषको ब्यवस्थागर्न सक्नेछ ।

)१०यस ऐन बमोजिम नियुक्त वा स्तरवृद्धि हुने ( सबैभन्द ा माथिल्लो तह अधिकृतस्तर आठौं तहसम्म मात्र हुनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक प्रतियोगिता वा खुल्ला प्रतियोगिता वा अन्य प्रतियोगितात्मक परीक्षाबाट स्तरवृद्धि हुन यस दफाको प्रावधानले वाधा पुगेको मानिने छैन ।

**५३. <u>सेवा अवधिको गणना</u>** : (१)यस ऐन बमोजिम स्तर वृद्दीका लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिमको आधारमा पदावधि गणना देहायको आधारमा गरिनेछ;-

(क) संघबाट समायोजन भएका कर्मचारीको सेवा अवधि गाउँपालिकामा हाजिर भएको मिति देखि अवधि गणना हुनेछ ,

(ख) साविक स्थानीय निकायका स्थायी कर्मचारीको हकमा हालको पदमा स्थायी नियुक्ति वा बढुवा नियुक्ती पाएको मिति देखि अवधि गणना हुनेछ,

(ग) गयल कट्टी वा असाधरण विदा लिएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**५४. <u>कर्मचारी सरुवा</u>** (१) कुनै एक शाखा, कार्यालय, इकाई वा निकायमा न्यूनतम २ वर्ष सेवा गरेको  कर्मचारीलाई एक शाखा, कार्यालय, इकाई वा निकायबाट अर्को



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

शाखा, कार्यालय, इकाई वा निकायमा सरुवा गर्न सकिनेछ ।

(२)विशेष अवस्थामा बाहेक न्यूनतम दुई वर्ष एकै शाखा, कार्यालय, इकाई वा निकायमा कार्यरत कर्मचारीले अर्को शाखा, कार्यालय, इकाई वा निकायमा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्रभित्रका कुनै पनि शाखा, कार्यालय, इकाई वा निकायमा सरुवा गर्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयको आवश्यकता अनुसार प्रमुख प्रशासकिय अधिकृतले कुनै एक शाखा, कार्यालय, इकाई वा निकायमा जुनसुकै समयमा कर्मचारीलाई एक शाखा, कार्यालय, इकाई वा निकायबाट अर्को शाखा, कार्यालय, इकाई वा निकायमा सरुवा गर्न सक्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि “विशेष अवस्था” भन्नाले निज सो शाखा, कार्यालय,

इकाई वा निकायमा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैरही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेतलाई बुझाउनेछ ।

**५५. <u>कर्मचारीको आचरण</u>** : (१)गाउँपालिकामा कार्यरत कर्मचारीले पालना गर्नु पर्ने आचारण कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त कर्मचारीले पालना गर्नु पर्ने आचरण कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**५६. <u>तलव, भत्ता पाउने</u>** : (१)गाउँपालिकामा नियुक्त वा सरुवा भई आउने कर्मचारीले नियुक्ति पाएको वा सरुवा भई आएको मिति देखि प्रचलित कानून बमिजिमको तलव, भत्ता र अन्य सुविधा प्राप्त गर्नेछ ।

(२) उपदफा (१) को अतिरिक्त गाउँपालिकाले आफ्नो स्रोत र अवस्थाको आधारामा कर्मचारीलाई उपलव्ध गराउने वित्तीय लागायत अन्य सुविधा गाउँ सभाले तोकी दिए बमोजिम हुनेछ ।

**५७. <u>तालिम,अध्ययनअवलोकन भ्रमणः</u>** (१) कर्मचारीहरूको वृत्ति विकासका लागि गाउँपालिकाले अध्ययन,तालिम (सेवाकालीन,सेवा प्रवेश वा अन्य क्षमता विकास सम्बन्धी र वाह्य अवलोकन भ्रमण कर्मचारीलाई पठाउन वा सहभागि गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर्मचारी पठाउँदा वा सहभागि गराउँदा कर्मचारी छनोट प्रक्रिया न्यायोचित र पारदर्शी हुनुपर्ने छ ।

)३विदेश र स्वदेशका तालिम अध्ययनहरूमा ( सवै स्तरका कर्मचारीहरूलाई समान अवसर प्रदान गरिने छ।

गाउँपालिकाले आफ्नो क्षेत्रमा सेवा प्रवाहका (४) लागि आवश्यक पर्ने कुनै शैक्षिक योग्यता प्राप्त गर्न गाउँपालिकामा कार्यरत कुनै कर्मचारीलाइ स्वदेशमा वा विदेशमा हालको भन्दा माथिल्लो तहको शिक्षा अध्ययनका लागि पठाउन सक्नेछ।

बमोजिम अध्ययनका लागि (४) उपदफा (५) पठाउँदा अध्ययन गराउने शैक्षिक संस्थाले कायम गरेको शैक्षिक अवधि सम्म अध्ययनक लागि पठाइनेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

मा जुनसुकै कुरा लेखिएको (५) उपदफा (६) बमोजिम अध्ययनक लागि (४) भए तापनि उपदफा पठाउँदा बढीमा चार बर्ष भन्दा बढी अवधिको लागि पठाइने छैन ।

अध्ययन , यस दफा बमोजिम तालिम (७) र अवलोकन भ्रमणमा गएको करामचारिले सो अवधिभर पुरा तलव पाउनेछ ।

तालिम (८), आध्ययन र अवलोकन भ्रमण समबन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५८. <u>विदा</u>**ः (१) गाउँपालिकामा कार्यरत कर्मचारीले कर्मचारीको सेवा, सर्त र सुवुधा सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमका सम्पूर्ण विदाहरू पाउनेछन ।

(२) उपदफा (१) को अतिरिक्त प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले स्वीकृत गरी स्थानीय विदा समेत उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकामा न्यूनतम दुई बर्ष सेवा अवधि पुरा गरेका कुनै कर्मचारीले आफ्नो सेवासँग सम्बन्धित वा निजको जीवनमा उपयोगी हुने हालको भन्दा

माथिल्लो तहको शिक्षा आर्जनका लागि आफ्नै खर्चमा अध्ययन गर्न अध्ययन विदा पाउन सक्नेछ ।

बमोजिम अध्ययन विदा (३) उपदफा (४) उपलब्ध गराउँदा अध्ययन गराउने शैक्षिक संस्थाले कायम गरेको शैक्षिक अवधि सम्मका लागिमात्र उपलब्ध गराइनेछ ।

मा जुनसुकै कुरा लेखिएको (४) उपदफा (५) बमोजिम अध्ययन विदा (३) भए तापनि उपदफा उपलब्ध गराउँदा बढीमा चार बर्ष भन्दा बढी अवधिको लागि उपलब्ध गराइने छैन ।

उप (७)दफा (३), बमोजिम (५) र (४) अध्ययन विदा स्वीकृत भई अध्ययनका लागि गएको कर्मचारिले सो अवधिभर तलव लगायतका अन्य कुनै पनि सुविधा पाउने छैन।

विदा स्वीकृट्ट गर्ने अधिकारी र अन्य (८) गठन ) व्यवस्था कोशी प्रदेश स्थानीय सरकारी सेवा सम्बन्धी प्रचलित कानू ( तथा सञ्चालनन बमोजिम हुनेछ ।

बमोजिमको कानूनमा विदा (८) उपदफा (९) सम्बन्धमा कुनै व्यवस्था नभएमा यस ऐन बमोजिम गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**५९. <u>अनिवार्य अवकाश</u>** : (१)गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीको अवकाश कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) देहायको अवस्थामा गाउँपालिकाले कुनै पनि कर्मचारीलाई अनिवार्य अवकाश दिनेछः-

(क) निजको उमेर ५८ वर्ष पुगेपछि (सङ्घीय सरकारको अद्यावधिक व्यवस्था बमोजिम) वा

(ख) निजलाई निको नहुने रोग लागि कार्य गर्न सक्षम छैन भन्ने नेपाल सरकारद्वारा स्वीकृत प्राप्त मेडिकल बोर्डको सिफारिस प्रतिवेदन प्राप्त भएमा बढीमा ५ वर्षसेवा अवधि थपगरी अवकाश दिन सकिने छ।

तर, उमेर ५८ वर्ष भन्दा बढी (सङ्घीय सरकारको अद्यावधिक व्यवस्था बमोजिम) हुने गरी थप गरिने छैन।

(३) दफा ४५ को उपदफा (७) बमोजिम सिफारिस भई नियुक्त भएको कर्मचारी परियोजनाको हकमा त्यस्तो परियोजना समाप्त पछी तथा विशेष सेवाको लागि नियुक्त कर्मचारी त्यस्तो सेवाको उपदेयता समाप्त भएपछी र अध्यक्ष वा उपाध्यक्षको सचिवालयको हकमा अध्यक्ष वा उपाध्यक्षको पदावधि समाप्त भएपछी स्वतः अवकाश हुनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवा लगायतका अन्य विषयगत क्षेत्र सम्बन्धमा सम्बन्धित प्रचलित कानूनमा व्यवस्था भए बमोजिम अवकाश हुनेछ ।

**६०. <u>प्रोत्साहित अवकासः</u>** (१) गाउँपालिकाको आर्थिक हित तथा कार्य बोझलाई दृष्टिगत गरी कार्य प्रभावकारिता र दक्षतामा अभिवृद्धि हुने ठोस आधारहरू पाइएमा गाउँ

सभाको स्वीकृति लिई गाउँपालिकाले प्रोत्साहित अवकाश कार्यक्रम लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लागू गरिएको प्रोत्साहित अवकाश कार्यक्रम सम्बन्धी सेवा सुविधाहरू तोकिए बमोजिम हुनेछन्।

६१. <u>**स्वेच्छिक अवकासः**</u> (१) कुनै कर्मचारीले गाउँपालिकाबाट अवकाश लिन चाहेमा अवकाश लिन चाहेको एक महिना अगावै राजीनामा पेस गरी सो स्वीकृत भएपछि अवकाश लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम राजीनामा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास अवधिको लागि गाउँपालिकाको सेवा गर्ने गरी कुनै कर्मचारीले कवुलियत गरेको भए वा कुनैखास परियोजना सञ्चालन गर्न नियुक्त गरिएको भए सो अवधि भुक्तान नभई निजले राजीनामा गर्न पाउने छैन।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(४) उपदफा (३) वमोजिम तोकिएको अवधि अगावै राजीनामा दिएमा त्यस्तो कर्मचारीले गाउँपालिकालाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

(५) गाउँपालिकाले आफ्नो स्रोत, आवश्यकता र सन्तुलनको आधारमा स्वेच्छिक अवकाशको योजना ल्याई कर्मचारी अवकाश गर्न गराउन सक्नेछ ।

(६) अवकाश सम्बन्धी अन्य व्यवस्था तथा उपदफा (५) बमोजिम स्वेच्छिक अवकाश योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## गाउँ प्रहरी सम्बन्धी विशेष व्यवस्था

६२. **श्रेणी र पदः** (१) गाउँपालिकाको गाउँ प्रहरी सेवामा देहाय अनुसारको श्रेणी र पदहरु हुनेछन्।

(क) अधिकृत स्तर : छैटौ

(ख) सहायक स्तर : तृतीय, चैथो र पाँचौ

(२) उपदफा (१) बमोजिमको अधिकृतस्तरको तहमा प्रहरी निरीक्षकको पदरहनेछ।

(३) उपदफा (१) बमोजिमको सहायकस्तरको तहमा देहायको पदहरू रहने छन्ः-

(क) सहायक प्रहरी निरीक्षक : सहायक स्तर पाँचौ

(ख) प्रहरी हवल्दार : सहायक स्तर चौथो

(ग) प्रहरी जवान : सहायक स्तर तृतीय

(४) यस दफा बमोजिमको पदमा कर्मचारी नियुक्ति गर्नु पूर्व दफा ४३ बमोजिम दरबन्दी स्वीकृत भएको हुनु पर्नेछ ।

(५) यस दफा बमोजिमको पदमा पदपूर्ति गर्दा खुल्ला प्रक्रियाद्वारा सेवा कारारमा लिई पदपूर्ति गरिनेछ ।

(६) यस दफा बमोजिम पूर्ति गरिने पदमा दफा ४६ बमोजिमको समितिले गरेको सिफारिसको आधारमा दफा ४७ बमोजिमको पदाधिकारीले गाउँ प्रहरीको नियुक्ति गर्नेछ ।

(७) यस दफा बमोजिम नियुक्ति गरिएको गाउँ प्रहरीले यसै ऐन बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछ ।

**६३.** <u>**पदपूर्ति गर्ने तरिकाः**</u>(१) रिक्त रहेको प्रहरी हवल्दार र प्रहरी जवानको पदमा १०० प्रतिशत पद खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गरिनेछ।

(२) रिक्त रहेको सहायक प्रहरी निरिक्षकको पदमा ५० (पचास) प्रतिशत खुल्ला र ५० (पचास) प्रतिशत आन्तरिक प्रतियोगिताद्वार पूर्ति गरिनेछ ।

(३) रिक्त रहेको प्रहरी निरिक्षकको पदमा ५० (पचास) प्रतिशत खुल्ला र ५० (पचास) प्रतिशत आन्तरिक प्रतियोगिताद्वार पूर्ति गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम रिक्त रहेको सहायक प्रहरी निरिक्षक र प्रहरी निरीक्षकको एउटा मात्र पदमा पूर्ति गर्नु पर्ने भएमा आन्तरिक प्रतियोगिताद्वारा त्यस्तो पद पूर्ति गरिनेछ ।

६४. <u>छनौटका आधारः</u> गाउँ प्रहरी पदमा नियुक्तिको लागि देहाय बमोजिमको आधारमा छनौट गरिनेछः

(क) शैक्षिक योग्यता,

(ख) बौद्धिक क्षमता,

(ग) शारीरिक तन्दुरुस्ति,

(घ) आचरण,

(ङ) उमेर,

(च) व्यक्तित्व,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

**६५. <u>खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरूः</u>** (१) प्रहरी निरीक्षक र सहायक प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा देहाय बमोजिमका योग्यता भएका व्यक्तिहरूले भाग लिन सक्नेछन्ः-

(क) २१ (एक्काइस) बर्ष उमेर पुरा भई ३५ (पैतीस) बर्ष ननाघेको,

तर,नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल सेवावाट कम्तिमा १० वर्ष काम गरि निवृत्त भएका र महिलाको हकमा ४५ वर्ष ननाघेको व्यक्ति गाउँ प्रहरीको खुल्ला प्रतियोगीतामा सहभागी हुन योग्य मानिनेछ ।

(ख) प्रहरी निरीक्षकको हकमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) सहायक प्रहरी निरीक्षकको हकमा कम्तिमा माध्यमिक (दश जोड दुई) तह उत्तीर्ण गरेको,

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(घ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) राजनीतिमा भाग नलिएको,

(च) कुनै ध्वसांत्मक संस्थाको सदस्य नभएको वा नरहेको,

(छ) महिलाको लागि घटीमा ५ फिट र पुरूषको लागि घटीमा ५ फिट ३ इन्च उचाई भएको,

(ज) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(झ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ञ) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ट) नेपाली नागरिकता प्राप्त गरेको।

(२) प्रहरी हवल्दार र जवान पदको लागि हुने खुल्ला प्रतियोगितामा भाग लिने व्यक्तिको योग्यताको हकमा उमेर र शैक्षिक योग्यता देहाय बमोजिम र अरू योग्यता उपदफा (१) बमोजिम हुनेछः-

(क) १८ (अठार) बर्ष उमेर पुरा भई ३५ (पैतीस) वर्ष ननाघेको,

तर,नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल सेवावाट कम्तिमा १० वर्ष काम गरी निवृत्त भएका र महिलाको हकमा ४५ वर्ष ननाघेको व्यक्ति गाउँ प्रहरीको खुल्ला प्रतियोगीतामा सहभागी हुन योग्य मानिनेछ ।

(ख) कम्तिमा कक्षा १० (दश) कक्षा वा सो सरह उत्तीर्ण गरेको,

(ग) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) राजनीतिमा भाग नलिएको,

(ङ) कुनै ध्वसांत्मक संस्थाको सदस्य नभएको वा नरहेको,

(च) महिलाको लागि घटीमा ५ फिट र पुरूषको लागि घटीमा ५ फिट ३ इन्च उचाई भएको,

(छ) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(झ) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ञ) नेपाली नागरिकता प्राप्त गरेको।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा चौकिदार/सुरक्षा कर्मचारीको रुपमा कार्यरत कर्मचारीहरु स्वीकृत दरबन्दी बमोजिम स्वतः प्रहरी जवान पदमा कायम हुनेछन्।

६६. <u>**चरित्र बुझ्नेः**</u> गाउँ प्रहरी सेवामा नयाँ नियुक्ति हुने उम्मेदवारको चरित्र सन्तोषजनक देखिएमा मात्र निजलाई गाउँ प्रहरी सेवामा नियुक्ति गरिनेछ।

६७. <u>**परीक्षा र अन्तरवार्ताः**</u> (१) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा देहाय बमोजिम परीक्षा लिनु पर्नेछः-

(क) शारीरिक तन्दुरुस्ति परीक्षण

(ख) अन्तर्वार्ता

(२) उपदफा (१) बमोजिम शारीरिक तन्दुरुस्ति परीक्षण उत्तीर्ण भएको उम्मेद्वारलाई देहायको विषयहरूमा अन्तरवार्ता लिइनेछ र त्यसको कुल अङ्कभार देहाय बमोजिम हुनेछः-

(क) उम्मेदवारको मौखिक अभिव्यक्ति - ५ अङ्क

(ख) उम्मेदवारको तर्कशक्ति - ५ अङ्क

(ग) उम्मेदवारको प्रतिकुल परिस्थितिमा विचलित नभई काम गर्न सक्ने क्षमता - ५ अङ्क

(घ) उम्मेद्वारको व्यक्तित्व - ५ अङ्क

६८. <u>**योग्यताक्रम सूची तयार गर्नेः**</u> (१) कर्मचारी छनौट समितिले दफा ६७ बमोजिम लिइएको परीक्षण र अन्तरवार्ता समेतबाट योग्यताक्रम सूची तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा वैकल्पिक उम्मेद्वारहरूको सूची समेत तयार गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम योग्यताक्रमको कुनै व्यक्ति नियुक्ति लिन नआएमा वैकल्पिक सूचीमा रहेका व्यक्तिहरूलाई आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

(३) वैकल्पिक उम्मेदवारले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

(४) गाउँ प्रहरीमा नियुक्ति गर्दा सम्बन्धित व्यक्तिलाई तोकिएको ढाँचामा शपथ ग्रहण गराइनेछ।

६९. **तलव वृद्धि रोक्नेः** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले निजको तलब वृद्धि रोक्का राख्न सक्नेछ।

७०. **दर्जा वा तलब घटाउनेः** कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तल्लो पदमा घटुवा गर्न सक्नेछ र गाउँपालिकालाई हानी

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

नोक्सानी पुर्याएको भएमा सो समेत निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहीन काम गरेमा।

(ग) आचारण सम्बन्धी नियमहरू उल्लङ्घन गरेमा।

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(ङ) मनासिव कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेमा वा गैर हाजिर भएमा।

(च) लापर्वाही गरेमा वा नियम आदेश पालना नगरेमा।

७१. <u>**नोकरीबाट हटाउने वा बरखास्त गर्नेः**</u> (१) देहायका अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बरखास्त गर्न सक्नेछः-

(क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसक्ने भएमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा,

(ङ) आफ्नो पद अनुसारको आचरण नगरेमा,

(च) पालोमा रहेको अवस्थामा वा नरहेको अवस्थामा पनि पोशाकलगाई मादक पदार्थ सेवन गरी हिंडेमा वा जथाभावि गरेमा,

(छ) भ्रष्टाचार गरेमा,

(ज) आचारण सम्बन्धी नियमहरू बारम्बार उल्लङ्घन गरेमा,

(झ) मनासिव कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेमा वा गैरहाजिर भएमा।

(२) उपदफा (१) बमोजिम कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउनु वा बरखास्त गर्नु परेमा प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले हटाउने वा बरखास्त गर्नेछ।

७२. **कारबाहीः** गाउँप्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि अन्य कर्मचारी सरहको प्रकृया अवलम्वन गरिनेछ।

७३. **उमेर हदः** गाउँ प्रहरीको उमेर हद ५८ वर्ष हुनेछ।

७४. **प्रहरी पोशाकः** गाउँ प्रहरीको पोशाक कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

७५. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** गाउँ प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला दिइनेछ।

७६. **नोकरी पाउन नसक्नेको अभिलेख राख्नेः** कुनै प्रहरी कर्मचारी फेरी प्रहरी सेवा वा पदमा नियुक्ति हुन नसक्ने

गरी नाकेरीबाट हटाइएमा यसरी हटाउने आदेश दिने अधिकारीले सो हटाइएको प्रहरी कर्मचारीको तीन पुस्ते हुलिया समेतको अभिलेख राख्नु पर्नेछ।

७७. **अतिरिक्त समय काम गराउन सकिनेः** गाउँपालिकाका प्रहरी कर्मचारीको सबै समय गाउँपालिकाको भएकोले जुनसुकै समय पनि आलोपालो गरी काममा लगाउन सकिनेछ।

७८. **अनुशासन र आज्ञा पालनः** यस ऐनमा भएको आचरण सम्बन्धी व्यवस्था गाउँ प्रहरीको हकमा समेत समान रूपले लागू हुनेछ।

## परिच्छेदः ६

## कर्मचारी कल्याण कोष कर्मचार )ी अवकाश कोष (सम्बन्धी व्यवस्था

७९. **कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) को स्थापनाः** (१) गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरूलाई उपदान, निवृतिभरण, सामाजिक सुरक्षा, औषधोपचार खर्च, प्रोत्साहन पुरस्कार लगायतका सुविधा उपलब्ध गराउन गाउँपालिकामा एक कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा गाउँपालिकामा स्वीकृत दरबन्दि भित्र कार्यरत कर्मचारीले पाउने एक महिनाको तलव र सुविधा बराबरको रकम जम्मा गर्नुपर्नेछ ।

(४) यस दफामा उल्लेखित रकम बाहेककर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) मा देहाय बमोजिमको रकम जम्मा गर्न सकिने छ ।

(क ( कर्मचारी कल्याण कोष कर्मचारी ) को लागि ( अवकाश कोष गाउँपालिकाले छुट्याएको बार्षिक रकम,

(ख ( अन्य निकायबाट गाउँपालिकाको उक्त कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ग (कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ (कोषमा रहेको रकमबाट प्राप्त सावा र ब्याज रकम,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ङ (कोषको लगानीबाट प्राप्त मुनाफा, रोयल्टी, सावा फिर्ता, मुनाफाको व्याज वापतको रकम,

(च (कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि गाउँपालिकाले विनियोजन गरेको अन्य प्रकारका रकम,

(छ) तोकिए बमोजिमको अन्य रकम।

(५ (यस दफा बमोजिमकोषमा जम्मा भएको रकम गाउँपालिकाले तोकेको वर्ग "क"को वाणिज्य बैंकमा अथवा नेपाल सरकार को आंशिक तथा पूर्ण स्वामित्व भएका सार्वजनिक संस्थानसँग सम्झौता गरी ( कर्मचारी अवकाश कोष ) कर्मचारी कल्याण कोष"" को नाममा खाता खोली जम्मा गरिनेछ ।

कार्यपालिका तथा गाउँपालिकाको अध्यक्ष र (६) उपाध्यक्ष कोषको संरक्षकको रूपामा रहनेछन।

(७)कोषको संरक्षणका लागि यस ऐनको प्रतिकुल नहुने गरी आवश्यक कार्य गर्नु गाउँकार्यपालिका अध्यक्ष र उपाध्यक्षको ,कर्तव्य हुनेछ ।

८०. **कोषको उद्देश्य**ः (१) कर्मचारी बिरामी भई वा दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उसको जीवनमा क्षती पुगेको अवस्थामा आर्थिक सहायता र ऋण सहायता मार्फत निजको सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु कोषको उद्देश्य हुनेछ ।

(२) स्थानीय तहका स्थायी कर्मचारीहरुलाई प्रचलित कानून र यस ऐन बमोजिम प्राप्त हुने उपदान, उपचार खर्च, निवृत्तिभरण, आर्थिक सहायता र ऋण सहायता लगायतका सुविधा प्रदान गर्नु कोषको उद्देश्य हुनेछ ।

८१. **कल्याण कोषमा आवद्दता**ः (१) गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीहरू स्वतः कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) मा आवद्द हुनेछन ।

(२) उपदफा (१) बमोजिमकोषमा आवद्द बहेको कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भएपछी त्यस्तो कर्मचारीको कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) को आवाद्दता स्वतः समाप्त हुनेछ ।

८२. **कोषको प्रयोग**ः (१) कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) को रकम देहाय बमोजिमको कामका लागि प्रयोग गर्न सकिनेछ ।

(क) कोशी प्रदेश स्थानीय सरकारी सेवा )गठन तथा सञ्चालन ( सम्बन्धी प्रचलित कानून बमोजिम नियुक्ति भएका स्थानीय सेवा तर्फका गाउँपालिकाका स्थायी कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएको अवस्थामा प्रचलित कानूनी व्यवस्था अनुसार उपदान, उपचार खर्च वा निवृत्तिभरणको सुविधा उपलब्ध गराउन ,

तर कोषमा भूक्तानीको लागि प्रयाप्त रकमको अभाव भएको अवस्थामा संघीय र प्रदेश कानून बमोजिम अन्य

कोषबाट व्यहोर्ने व्यवस्था भएमा सोही बमोजिम भुक्तानी गर्न यस खण्डले बाधा पुर्याएको मानिने छैन ।

(ख) यसै ऐन बमोजिम गाउँपालिकाको सेवामा नियुक्ति पाएका अस्थायी वा करार सेवाका कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएको अवस्थामा प्रचलित कानुनी व्यवस्था अनुसार उपदान, उपचार खर्च वा निवृत्तिभरणको सुविधा उपलब्ध गराउन ,

(ग) गाउँपालिकामा कार्यरत स्थानीय सेवा तर्फका स्थायी, अस्थायी वा करार सेवाका कर्मचारी जुनसुकै तवरले सेवाबाट अलग भएकोमा प्रचलित कानून बमोजिम सञ्चित घर विदा र

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

विरामी विदा वापत सुविधा रकम उपलब्ध गराउन ,

(घ) यस ऐन बमोजिम कर्मचारी मृत्यु हुँदा, सेवाबाट निवृत हुँदा र विरामी, दुर्घटना प्राकृतिक विपद्मा पर्दाको बखत आर्थिक सहायता उपलब्ध गराउन ,

(ङ) यस ऐन बमोजिम कर्मचारीलाई ऋण सुविधा उपलब्ध गराउन ।

(च) कोष माथी अदालतको आदेशले दायित्व सिर्जना भएको वा दफा ११ बमोजिम रकम फिर्ता गर्नुपर्ने रकम उपलब्ध गराउन ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सुविधा उपलब्ध गराउँदा सञ्चालक समितले तोके बमोजिमको रकम उपलब्ध गराइनेछ ।

तर बिरामी वा प्राकृतिक विपदमा परि उपचार गर्नु परेको अवस्थामा उपलब्ध गराउने सुविधा मेडिकल बोर्डको सिफारिसमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सेवा अन्तर्गत स्थायी कर्मचारीहरुको उपदान तथा पेन्सन प्रयोजनको लागि संघ तथा प्रदेश सरकारले स्थापना गरेको कुनै कोषमा प्रचलित कानून बमोजिम जम्मा गर्न लगाएको खण्डमा यस कोषबाट रकम जम्मा गर्न सकिनेछ ।

८३. **आर्थिक सहायता उपलब्ध गराउन सकिने**: (१) कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) बाट देहायको अवस्थामा देहाय बमोजिम हुने गरी कोषबाट निम्न अवस्थामा देहायको आर्थिक सहायता उपलब्ध गराईने छ ।

(क) **बिरामी हुँदा बिरामी उपचार सहायता** : गाउँपालिकाको कर्मचारी वा निजको एकाघरको परीवार गम्भिर बिरामी अस्पताल भर्ना गरीउपचार गर्नु गराउनु

पर्दा खर्च पुष्ट्याईको आधारमा सञ्चालक समितिको निर्णय बमोजिम बिरामी उपचार सहायता वापत निजको शुरू मासिक तलब स्केलको १०(दश) गुणासम्मको रकम ,

तर यस्तो रकम उपलब्ध गराउन त्यस्तो बिरामीको उपचार खर्च निज कर्मचारीको सुरु तलब स्केलको न्यूनतमदूई महिनाको तलब बराबरको रकम उपचार खर्च भएको हुनु पर्नेछ ।

(ख) **दुर्घटना उपचार सहायता** : गाउँपालिकाकोकर्मचारी दुर्घटना वा प्राकृतिक विपत्तीमा परी उपचार गर्नुपर्दाखर्च पुष्ट्याइको आधारमा सञ्चालक समितिको निर्णयबाट दुर्घटना उपचार सहायता वापत निजको सुरु मासिक तलब स्केलको ५ (पाँच) गुणासम्मको रकम,

तर यस्तो रकम उपलब्ध गराउन त्यस्तो बिरामीको उपचार खर्च निज कर्मचारीको शूरु तलब स्केलको न्यूनतमएक महिनाको तलब बराबरको रकम उपचार खर्च भएको हुनु पर्नेछ ।

(ग) **सन्तत्ति शैक्षिक सहायताः** गाउँपालिकाको सेवामा वहाल रहेको अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा कर्मचारीको नाबालक सन्ततीहरुलाई सन्तत्ति शैक्षिक सहायता उपलब्ध गराउन,

(घ) **सेवाबाट अलग हुँदा विशेष सम्मान सहायताः** कुनै कर्मचारी गाउँपालिकाको सेवाबाट अलग हुँदा विशेष सम्मान सहायता बापत उपलब्ध गराउने रकम ,

(ङ) **काजक्रिया खर्च सहायताः** कुनै कर्मचारीको सेवामा बहाल रहेको

बखत निधन भएमा निजको परिवारलाई एकमुष्ठ काजक्रिया खर्च सहायता वापत निजको सुरु तलब स्केलको एक महिना बराबरको रकम।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सुविधा एकै पटक वा पटक पटक गरी १५ (पन्ध्र) गुणा सम्म उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम उपलब्ध गराइने रकम सञ्चालक समितिले तोकेको 'क÷ वर्गको बैंकमा त्यस्तो कर्मचारीको सन्तानहरूको संयुक्त दस्तखतबात खाता सञ्चालन हुने गरी मुद्दती खाता खोलि जम्मा गरीनेछ।

(४) उपदफा (३) बमोजिमको खाताको रकम त्यस्तो कर्मचारीको सन्ततीहरु मध्ये सबैभन्दा कम उमेरको सन्तान १८ (अठार) वर्ष उमेर पुरा भएसी मात्र निजहरुले प्राप्त गर्नेगरी व्यवस्था गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको सहायता प्राप्त गर्नका लागि देयाय अनुसार सेवा अवधि पुरा गरेको हुनु पर्नेछ;-

(क) उपदफा को (१)खण्ड (ख) ,(क)र बमोजिमको सहायता प्राप्त गर्नका (ङ) लागि गाउँपालिकामा अविछिन्न रुपमा एक वर्षभन्दा बढी सेवा अवधी सेवा गरेको,

(ख) उपदफा को (१)खण्ड )ग ( बमोजिमको सहायता प्राप्त गर्नका लागि गाउँपालिकामा अविछिन्न रुपमा तीन वर्षभन्दा बढी सेवा अवधी सेवा गरेको,

(ग) उपदफा को (१)खण्ड )घ ( बमोजिमको सहायता प्राप्त गर्नका लागि गाउँपालिकामा अविछिन्न रुपमा पाँच बर्षभन्दा बढी सेवा अवधि सेवा गरेको।

सिलीचोङ गाउँपालिका

८४. **विशेष सम्मान सहायता** : (१) यस ऐन बमोजिम गाउँपालिकाको सेवामा निरन्तर सेवा गरी सेवाबाट अलग हुँदा पाउने विशेष सम्मान सहायताको रकम देहाय अनुसार उपलब्ध गराइनेछ;-

(क) एक बर्ष देखि पाँच वर्षसम्मकोसेवा अवधिको लागि सेवा अवधि वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ५० प्रतिशतले गणना गर्दा हुन आउने रकम,

(ख) छ बर्ष देखि दश वर्षसम्मको सेवा अवधिको लागि सेवा अवधि वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ६० प्रतिशतले गणना गर्दा हुन आउने रकम,

(ग) एघार बर्ष देखि पन्ध्र वर्षसम्मको सेवा अवधिको लागि सेवा अवधि वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ७० प्रतिशतले गणना गर्दा हुन आउने रकम,

(घ) सोह्र बर्ष देखि बिस वर्षसम्मको सेवा अवधिको लागि सेवा अवधि वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ८० गणना गर्दा हुन आउने रकम,

(ङ) बिस बर्ष देखि माथी जतिसुकै वर्षसम्मको सेवा अवधिको लागि सेवा अवधि वर्षको संख्यालाई खाईपाई आएको सुरु तलब स्केलको ९० प्रतिशतले गणना गर्दा हुन आउने रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको सेवामा स्थायी नियुक्ति भई योगदानमा आधारित निवृत्तिभरण वा समाजिक सुरक्षा कोषमा आवद्द भएका कर्मचारीले यस्तो सुविध प्राप्त गर्ने छैनन् ।

**८५. <u>सन्तति शैक्षिक सहायता</u>** : (१) यस ऐन बमोजिम गाउँपालिकाको सेवामा रहेकै अवस्थामा कुनै कर्मचारीको मृत्यु हुन गएमा निजको सन्तानले पाउने

सन्तति शैक्षिक सहायताको रकम देहाय अनुसार उपलब्ध गराइनेछ;-

(क) श्रेणी विहिन तथा सहायकस्तरका कर्मचारीको हकमा निजको सुरु तलब स्केलको १० (दश) महिनाको तलब बराबरहुन आउने रकम,

(ख) अधिकृतस्तरका कर्मचारीको हकमा निजको सुरु तलब स्केलको ८ (आठ) महिनाको तलब बराबरहुन आउने रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको सेवामा स्थायी नियुक्ति भई योगदानमा आधारित निवृत्तिभरण वा समाजिक सुरक्षा कोषमा आवद्द भएका र त्यस्तो कोषबाट यस दफा बमोजिम सुविधा प्राप्त गर्ने कर्मचारीको सन्ततिले यस दफा बमोजिमको सुविध प्राप्त गर्ने छैनन् ।

तर आधारित निवृत्तिभरण वा समाजिक सुरक्षा कोषमा सन्तति शैक्षिक सहायता वा यस्तै प्रकरको अन्य सहायता प्राप्त नगरें स्थायी कर्मचारीलाई यस दफा

बमोजिमको सेवा उपलब्ध गरौं यो उपदफाले बाधा पुर्याएको मानिने छैन ।

८६. **<u>कर्जा सहायता उपलब्ध गराउन सकिने</u>**ः (१) कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) बाट कर्मचारी र निजको एकाघरको परिवारलाईघर बनाउन वा घर खरिद गर्न वा जग्गा खरदि गर्न वा जटिल वा घातक रोग लागि उपचार गर्नु पर्नेमा घर कर्जा, जग्गा खरिद कर्जा वा औषधीउपचार कर्जा उपलबध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुलाई मात्र उपलब्ध गराईनेछ ।

(३) औषधीउपचार कर्जा सहायताका लागि गाउँपालिकाको सेवामा कम्तीमा २ बर्ष निरन्तर सेवा अवधि पुरा गरेको हुनु पर्नेछ ।

(४) घर कर्जा वा जग्गा खरिद कर्जा सहायताका लागि गाउँपालिकाको स्थानीय सेवामा कम्तीमा १० (दश) वर्ष सेवा गरेको र अनिवार्य अवकाश हुन

कम्तीमा ५ (पाँच) वर्षभन्दा बढी सेवा अवधी बाँकी रहेको हुनु पर्नेछ ।

(५) कर्मचारीलाई उपलब्ध गराईने कर्जा सहायता रकमको अधिकतम सिमा निजको एक महिनाको सुरु तलब स्केलको १४४ (एक सय चौवालीस) गुणा सम्म हुनेछ ।

तर अधिकृत स्तर सातौं तह र सो भन्दा माथिल्लो तहको अधिकृत कर्मचारीलाई यस्तो कर्जा सहायता उपलब्ध गराउँदा निजको एक महिनाको सुरु तलब स्केलको १२०(एक सय बीस) गुणासम्म उपलब्ध गराउन सकिनेछ ।

(६) कर्जा सहायता वापत उपलब्ध गराइएको रकममा वार्षिक रुपमा अधिकतम ७ (सात) प्रतिशत व्याज लगाईने छ ।

(७) यस दफा बमोजिमको कर्जा असुली गर्दा कर्मचारीको मासिक तलबबाट कर्जा सहायताको व्याज वापत र सावा फिर्ता वापत गरि नियमित रुपमा कट्टी गरी कोषमा जम्मा गरिनेछ ।

(८) उपदफा (७) बमोजिम कट्टी गर्दा निजको तलबको सुरु स्केलको ५० (पचास) प्रतिशत भन्दा कम हुनेगरी मात्र कट्टा गर्न पाईनेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कर्मचारीले निजको तलबको सुरु स्केलको ५० (पचास) प्रतिशत भन्दा बढी रकम कट्टा गर्न मञ्जुरी दिएमा सोही बमोजिम कट्टा गरीनेछ ।

(१०) कर्मचारी सेवाबाट अलग हुँदासम्म निजले कर्जा सहायता वापत प्राप्त गरेको कर्जाको सावा वा व्याज वा दुवै असुल हुन बाँकी रहेमा निजले पाउने उपदान वा निवृत्तभरण वा नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट पाउने अन्य कुनै रकम, सम्पत्ति वा सुविधाबाट असुल उपर गरिनेछ ।

तर यस गाउँपालिकाको सेवाको पदबाट संघीय वा प्रदेश निजामती सेवा, अन्य स्थानीय सेवा वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको पदमा स्थायी नियुक्ती भई वा सरूवा गएको कर्मचारीको हकमा निजले नियमित रुपमा यस कोषमा व्याज र साँवा फिर्ता गर्ने लिखित सम्झौता गरी



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

मासिक किस्तामा भुक्तानी गर्न पाउन निवेदन गरेमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजीम त्यस्तो सुविधा दिन सकिनेछ ।

(११) उपदफा (१०) को प्रतिवन्ध्यात्मक वाक्यांश बमोजिमको सुविधा लिएको अवस्थामा कर्जाको व्याज र सावा वापतको रकम नियमित जम्मा हुने व्यवस्था मिलाउनु सम्बन्धीत कर्मचारीको कर्तव्य हुनेछ।

(१२) उपदफा (११) बमोजिमको दायित्व पुरा नगरेमा वा कार्जा रकम असुल उपर हुन नसकेमा गाउँपालिकाले अन्य उपयुक्त उपाय मार्फत असुल गर्ने व्यवस्था मिलाउनेछ ।

(१३) एक कर्मचारीलाई घर खरिद गर्न वा जग्गा खरिद गर्न वा घर बनाउनका लागि सेवा अवधिभरमा एक पटकमात्र कर्जा सहायता उपलब्ध गराईनेछ ।

(१४) अघिल्लो कर्जा सहायता वापतको रकम चुक्ता नगर्दै दोश्रो कुनै पनि प्रकारको कर्जा सहायता उपलब्ध गराईने छैन ।

तर सञ्चालक समितिको निर्णय अनुसार अधिकतम एक लाख सम्म औषधोपचार कर्जा उपलब्ध गराउन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(१५) औषधीउपचार कर्जा सहायता उपलब्ध गराईएको कर्मचारी सदाको लागि काम गर्न नसक्ने भएका कारण वा निजसँग कर्जा चुक्ता गर्न कुनै सम्पत्ति जायजेथा वा त्यस्तो सम्पत्तीको बेचबिखनबाट समेत कर्जा खाम्ने मुल्य अपुग भएका कारण वा निजबाट निजको दुर्बलता वा गरिबीका कारण कर्जा चुक्ता नुहुने अवस्था भएकोमा आंशीक वा पूर्णरुपमा कर्जाको सावा वा व्याज वा दुवै छुट दिन सकिनेछ ।

तर निज कर्मचारी वा निजको सम्पत्ति वा निजलाई प्राप्त हुने अंश वा निजको दायित्व बोध गर्ने परिवारबाट कर्जा चुक्ता हुने अवस्थामा कर्जा छुट दिन पाईने छैन ।

(१६) उपदफा (१५) बमोजिमको कर्जा छुटको निर्णय सञ्चालक समितिको सिफारिसमा र कार्यपालिकाको निर्णय भई गाउँ सभाबाट अनुमोदन भएपछी मात्र कार्यन्वयन हुनेछ ।

(१७) कर्जा सहायताको दुरुपयोग गरेको प्रमाणित भएमा कर्जा सहायता प्राप्त गर्ने कर्मचारीलाई र दुरुपयोग हुने सम्भावना हुदाहुँदै कर्जा सहायताको सिफारिस गरेको प्रमाणित भएमा सञ्चालक समितिका सदस्यहरुलाई गाउँकार्यपालिकाले विभागीय कारवाही गरी सम्बन्धित निकायमा थप अनुसन्धान र कारवाहीका लागि सिफारिस गरी पठाउनु पर्नेछ ।

(१८) कोषबाट कर्मचारीहरुलाई ऋण सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, प्राथमिकता निर्धारण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८७. **<u>सुविधाबाट बञ्चित गरिने अवस्था</u>**:(१) गाउँपालिकाका स्थायी तथा करार सेवाका कर्मचारीलाई देहायको अवस्थामा कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) अन्तर्गत प्राप्त हुन सक्ने पूर्ण वा आंशिक सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

(क) प्रचलित कानूनले जघन्य अपराध मानेको काम गरेको प्रमाणित भएमा ।

(ख) यस ऐन बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

(घ) कारवाही स्वरुप सेवाबाट बर्खास्त गरिएको भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम पाउने उपदान प्राप्त गर्नबाट बन्चित गरिने छैन ।

८८. **जुनसुकै शीर्षकबाट भुक्तानी हुने**: कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) मा बजेट रकमान्तर गरी भुक्तानी गरिने छ । तर घर ऋण सहायता र जग्गा ऋण सहायता उपलब्ध गराउन यो दफा लागु हुने छैन ।

८९. **कोषको प्रयोग गर्न नपाइने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैन;-

(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(च) कुनै पनि पूर्वाधार निर्माण काम गर्न गराउन,

(छ) दफा )८०) र (८२को प्रतिकुल ( हुने गरी अन्य कुनै प्रकारको शिर्षकमा खर्च गर्न,

(ज) तोकिए बमोजिमको अन्य कार्यमा कोषको रकम खर्च गर्न

९०. <u>**सञ्चालक समिति**</u>ः (१) यस परिच्छेद बमोजिमको कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) को सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहने छ ।

(२बमोजिम (१) उपदफा (को सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन;-

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष-

(ख) गाउँपालिकाको स्थानीय सेवा तर्फको वरिष्ठतम अधिकृतस्तको स्थायी कर्मचारी सदस्य-

(ग) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२( को खण्ड (ख)बमोजिमको सदस्य उपदफा (घ) (ग) को खण्ड (२)बमोजिमको सदस्य भएमा निज पछिको वरिष्ठ कर्मचारी समितिको सदस्य हुनेछ ।

(४ (२) उपदफा (को खण्ड बमोजिमको (घ) वर्षको हुनेछ । २ सदस्यहरुको कार्यकाल

(५)उपदफा (२)को खण्ड बमोजिमको (घ) सदस्यहरुकोचयन गर्दा सम्भव भएसम्म सबै कर्मचारीहरुको पालोपर्ने गरी चक्रीय रुपमा सदस्य चयन गर्नु पर्नेछ ।

(६मा जुनस(२) उपदफा (ुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको सदस्य हुन प्रमुख प्रशासकीय अधिकृत बाहेकका सदस्यहरु स्थानीय सेवा तर्फका कर्मचारी भई र अवकाश हुन कम्तीमा ५ वर्ष

भन्दा बढी सेवा अवधी बाँकी रहेको कर्मचारी हुनुपर्दछ ।

९१. **सञ्चालक समितिको बैठकः** (१) बैठकको निर्णय सामान्यतया सर्व सम्मतिबाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा कुल कायम रहेको सदस्य संख्या दुई तिहाई बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ ।

(२सञ्चालक समितिको बैठकको काम ( कारबाही तथा निर्णय अध्यक्ष बाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुने छैन ।

(३सञ्चालक समितिले वित्तिय व्यवस्थापनको ( ज्ञान भएको कुनै कर्मचारी वा विशेषज्ञलाईबैठकमा आमन्त्रित गर्न सक्नेछ तर आमन्त्रित सदस्यको मताधिकार रहने छैन ।

(४सञ्चालक समितिको बैठक प्रत्येक ( चौमासिकमा कम्तिमा एक पटक बस्नेछ।

(५ )अध्यक्षको अनुमतिमा सदस्य सचिवले बैठक आह्वान गर्ने छ ।

समितिको बैठक सम्बन्धी कार्यविधि समिति (६) आफैले तोके बमोजिम हुनेछ।

९२. **<u>सञ्चालक समिति र समितिका पदाधिकारीकोकाम, कर्तव्य र अधिकार</u>**ः (१) कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) सञ्चालक समिति र समितिअका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) कोष सञ्चालन समबन्धमा समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

(ख) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(ग) कार्यपालिका, गाउँ सभा र पदाधिकारीसँग समन्वय राखी कोषका लागी आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(घ) कोषको आय वृद्धि गर्ने विविध कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कोष सञ्चालनका समयसापेक्ष नीति, ऐन, नियमको पहिचान गरी गाउँसभा

र गाउँ कार्यपालिकालाई कानून बनाउन सिफारिस र सहयोग गर्ने,

(च) हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

(छ) कोष सञ्चालन सम्बन्धी हिसावकिताब दुरुस्त राख्न लगाउने,

(ज) कोष सञ्चालन सम्बन्धमा तोकिए बमोजिम अन्य कार्य गर्ने ।

९३. **कोषको खाता सञ्चालन**: (१) गाउँपालिकाले कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) का लागि अलग्गै नेपाल सरकारबाट मान्यता प्राप्त “क” वर्गको बैंकमा अथवा नेपाल सरकार को आंशिक तथा पूर्ण स्वामित्व भएका सार्वजनिक संस्थानसँग सम्झौता गरी खाता खोली सञ्चालन हुनेछ ।

(२)कोषको खाता सञ्चालक प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

**९४. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकीकरणः** (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२कोषले कार्यपालिकाले तोके बमोजिम ( आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३ आर्थिक वर्ष समाप्त भएको (तीन महिना भित्र वार्षिक आयव्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रदिवेदन तयार गरी उक्त प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

बमोजिम कार्यपालिकामा पेश (३) उपदफा (४) हुन आएको प्रतिवेदन कार्यपालिकाले तत्काल पछि बस्ने गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

**९५. कोषको लेखापरीक्षणः** (१) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षकले गर्नेछ ।

(२कोषको अन्तिम लेखापरीक्षण महालेखा ( परीक्षकको कार्यालयबाट हुनेछ ।

(३लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत ( गाउँसभामा पेश गर्नु पर्नेछ ।

९६. **रकम फ्रिज नहुने**: यस परिच्छेद बमोजिमको कोषमा जुनसुकै स्रोतबाट जम्मा भएको रकममध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमाखर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभइ कोषमा नै रहनेछ ।

९७. **निर्देशन दिन सक्ने**: कोष सञ्चालन सम्बन्धी विषयमा गाउँ कार्यपालिकाले यस ऐनको प्रतिकुल नहुने गरी सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्नु सञ्चालन समितिको कर्तव्य हुनेछ ।

९८. **सहयोगका लागी आव्हान गर्न सक्ने**: कुनै कारणले कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) मा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा सञ्चालक समितिले गाउँपालिकालाई र गाउँपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्ने सक्नेछ ।

९९. **दायित्व सर्ने**: (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) सँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(२) स्थानीय सेवा तर्फका कर्मचारीले पाउने सुविधा सम्बन्धमा संघ र प्रदेश सरकारले जारी गरेको प्रचलित कानून वा मापदण्ड बमोजिम कर्मचारीको सुविधाको लागि स्थानीय कोषको व्यवस्था गर्नुपर्ने भएमा यस कोषलाई उक्त कोषमा बदल्न र अन्य कोषहरुबाट यस कोषमा रकम जम्मा गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम यस कोषबाट अन्य कोषमा यस कोषमा रकम जम्मा भई गएमा यस कोषको दायित्व उक्त कोषमा सरेको मानिनेछ ।

(४) उपदफा (२) बमोजिम अन्य कोषबाट यस कोषमा रकम जम्मा भई आएमा उक्त कोषको दायित्व समेत यस कोषमा सरेको मानिनेछ ।

१००. **<u>सेवा अवधिः</u>** (१) यस ऐन बमोजिमको कर्मचारी कल्याण कोष ( कर्मचारी अवकाश कोष ) बाट सुविधा प्राप्त गर्नका लागि सेवा अवधि कायम गर्दा देहाय बमोजिम हुने गरी कायम गरिनेछ;-

(क) तत्कालीन जिल्ला विकास समिति , नगरपालिका र गाउँ विकास समितिमा कार्यरत रही कर्मचारी समायोजन ऐन,

२०७५ बमोजिम यस गाउँपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा गाउँपालिकाबाट सरुवा समायोजन भई आएका कर्मचारीको हकमा विक्रम सम्वत् २०७३ सालमा गाउँपालिकाको स्थापना भए पश्चात यस गाउँपालिकाको सेवामा रहेको अवधी लाई कायम गरिने ,

(ख) स्थायी सेवाका कर्मचारीको प्रचलित कानून बमोजिमका उपदान, घरविदा सञ्चिती र बिरामी बिदा सञ्चिती लगाएतको गणना प्रयोजनको लागि सोही कानूनमा भएको व्यवस्था बमोजिमको अवधि कायम गरिने ,

(ग) अन्य कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक साविकका जुनसुकै स्थानीय निकायमा स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन, २०७५

बमोजिम यस गाउँपालिकाको स्थायी दरबन्दीमा समायोजन भएका वा अन्य गाउँपालिका वा गाउँपालिकामा समायोजन भएको भएता पनि लोकसेवा आयोगबाट माथिल्लो पदमा सिफारिस भई यस गाउँपालिकाको पदमा स्थायी नियुक्त भएका वा लोकसेवा आयोगको सिफारिस बमोजिम अन्य स्थानीय तहमा नियुक्त भएको तर यस गाउँपालिकामा सरुवा भई आएका कर्मचारीको प्रचलित कानून बमोजिम उपदान, उपचार खर्च तथा सञ्चित घर विदा र विरामी विदा लगायतका सुविधा उपलब्ध गराउने प्रयोजनको लागि सेवा अवधि गणना गर्दा निजको साविकको स्थानीय निकायको वा स्थानीय तहको सेवालाई पनि गणना गरिनेछ र सुविधा प्रदान गरिनेछ ।

तर यस खण्ड बमोजिम सेवा सुविधा लिनको लागि निजले साविकका कार्यालयबाट कुनै सेवा सुविधाहरू प्राप्त गरेको हुनु हुँदैन ।

(घ) साविकको गाउँ विकास समिति र जिल्ला विकास समितिको कार्यालयले करार गरेको र यस गाउँपालिका स्थापना भएपछि पनि अविछिन्न रुपमा करारमा काम गर्दै आएका कर्मचारीहरुको सेवा अवधि गणना गर्दा निजको सेवा अवधि सुरु करार भएको मिति देखि नै गणना गरिने छ ।

तर यस खण्ड बमोजिम सेवा अवधि गणना र कायम गर्न अविछिन्न रुपमा सेवा गरेको पुष्टी हुनु पर्दछ ।

**१०१. <u>रकम फिर्ता पाउने</u>**: दफा ७९ को उपदफा (३) बमोजिम नियमित रुपमा कोषमा रकम कट्टी गर्ने कर्मचारी जुनसुकै तरिकाले सेवाबाट अलग हुँदाका

बखतसम्म कोषबाट पाउने कुनैपनि सुविधा नपाएको वा पाएकोमा आफुले कट्टी गरेकोरकम भन्दा कम रकम मात्र सुविधाको रुपमा पाएको रहेछ भने त्यसरी जम्मा गरेको रकम वा कम भएको रकम निजलाई सेवाबाट अलग हुँदा एकमुष्ठ रुपमा फिर्ता गरिनेछ ।

१०२. **निवृतिभरण सम्बन्धी व्यवस्था** : (१) कोशी प्रदेश योगदानमुलक निवृत्तभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धी प्रचलित कानून बामोजिम योग्दानाममुलक निवृतिभरण कोषमा गाउँपालिकाले योगदानको रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने गरीको व्यवस्था प्रदेश कानून र नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेदः ७

## योगदानमा आधारित सामाजिक सुरक्षा कोष कट्टी सम्बन्धी व्यवस्था

१०३. **योगदानकर्ताको रूपमा दर्ता गर्ने** : (१) गाउँपालिकामा स्वीकृत दरबन्दीभित्र स्थायी, अस्थायी, करार वा अन्य कुनै किसिमबाट कार्यरत कर्मचारीहरुलाई स्रोत

साधनको उपलब्धता अनुसार विनयोजन ऐनले रकम विनियोजन गरेको अवस्थामा कार्यालयले प्रचलित कानून बमोजिम स्थापित सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रूपमा दर्ता गर्नु पर्नेछ ।

(२)उपदफा मा जुनसुकै कुरा ले (१)खिएको भए तापनि गाउँपालिकामा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीको हकमा निजको इच्छा विपरित योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रूपमा दर्ता गरिने छैन ।

तर सम्बन्धित कर्मचारीको अनुरोधमा सामाजिक योगदानकर्ताको रूपमा दर्ता गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

यस दफा बमोजिम योगदानकर्ताको रूपमा (३) दर्ताका लागि कोषले तोकेको आवश्यक विवरणहरू सहितको दर्ता आवेदन फाराम तयार गरी कार्यालयले कोषमा पेश गर्नु पर्नेछ ।

बमोजिमको फारम सम्बन्धित (३) उपदफा (४) कर्मचारीले तयार गरी आफ्नो सहीछाप गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

बमोजिम पेश हुन आएको (४) उपदफा (५) कोष दर्ता आवेदन फारम प्रमुख प्रशासकीय अधिकृतले जाँच गरी प्रमाणित गरी कोषमा पेश गनु पर्नेछ।

को प्रयोजनका लागि (२) उपदफा (६) बमोजिम कर्मचारीले फारम बुझाएमा (४) उपदाफा निजले कोषमा योगदानकर्ताको रूपमा दर्ता हुन इच्छाएको मानिनेछ।

योगदानकर्ता दर्ता सम्बन्धी अन्य व्यवस्था (७) तोकिएको बमोजिम हुनेछ।

**१०४. <u>योगदानको दर</u>** :(१) कर्मचारीको आधारभूत पारिश्रमिकको आधारमा देयाह बमोजिम कोष कट्टी गरिनेछ;

(क)कर्मचारीको मासिक आधारभूत पारिश्रमिकको एघार प्रतिशतले हुने कर्मचारीको पारिश्रमिकबाट निजको योगदान बापतको मासिक रकम ,

(ख)गाउँपालिकाबाट थप हुने कर्मचारीको आधारभूत

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

पारिश्रमिकको बीस प्रतिशतले हुने मासिक रकम,

(ग) यस दफा बमोजिमको कर्मचारीको यागदान दरमा सङ्घीय सरकाले थपघट गरेमा सोही बमोजिम योगदान दर कायम गरिनेछ ।

(घ) योगदानको दर सम्बन्धी अन्य व्यवस्था तोकिएको बमोजिम हुनेछ ।

**१०५. <u>कोष कट्टी</u>** : (१) दफा १०४ बमोजिमको दरमा कर्मचारीको मासिक पारिश्रमिक भुक्तानीका बखत कोष कट्टी रकम कट्टा गरी कोषमा जामा गरिनेछ ।

(२)उपदफा बमोजिम कट्टी हुने रकम (१) स्थानीय सन्चित कोषबाट व्यहोरिने छ।

बमोजिम कट्टी गरिएको रकम (१) उपदफा (३) पारिश्रमिक भुक्तानी गरिएको सात दिनभित्र कोषमा जम्मा गरी सक्नु पर्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

कोष कट्टीको स्पष्ट विवरण देखिने गरी (४)
कर्मचारीलाई मासिक पारिश्रमिक भुक्तानीको फाटवारी
कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

बमोजिम भएको कोष कट्टी (१) उपदफा (५)
रकमकोषले तोकेको बैंक खातामा चेक वा विध्युत्तीय
भुक्तानी प्रणालीमार्फत जम्मा गर्नु पर्नेछ ।

यस दफा बमोजिम कोष कट्टी र रकम (६)
जम्मागर्दा सम्बन्धित महिनाको योगदानकर्ता
कर्मचारीको सूची र पारिश्रमिक कोर कट्टी गरिएको
रकमको विवरण स्पष्ट देखिने गरी कोषमा पठाउनु पर्नेछ
।

कोष कट्टी सम्बन्धी अन्य व्यवस्था (७)
तोकिएको बमोजिम हुनेछ ।

**१०६. <u>गाउँपालिकाको दायित्व</u>** : (१) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ता दर्ता तथा कोष कट्टी सम्बन्धमा गाउँपालिकाको दायित्व देहाय बमोजिम हुनेछ;

(क) कोषमा कर्मचारीहरुलाई यस ऐन बमोजिमको अवधि भित्र

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

योगदानकर्ताको रूपमा दर्ता गर्नु गराउनु ,

(ख) कर्मचारीको आधारभूत पारिश्रमिकबाट यस ऐनमा तोकिएको प्रतिशतमा योगदान रकम कोष कट्टीगरी कोषमा नियमित रूपमा जम्मा गर्नु गराउनु,

(ग) कोषमा कट्टी गरिएको योगदान र जम्मा गरिएको रकमको स्पष्ट अभिलेख राख्नु ,

(घ) कर्मचारीलाई योगदानमा आधारित कोष कट्टी सम्बन्धी आवश्यक जानकारी प्रदान गर्नु।

(२)योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ता दर्ता तथा कोष कट्टी सम्बन्धमा गाउँपालिकाको अन्य दायित्व तोकिए बमोजिम हुनेछ ।

**१०७. <u>कर्मचारीको दायित्व</u>** : (१) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ता दर्ता तथा कोष कट्टी सम्बन्धमा कर्मचारीको दायित्व देहाय बमोजिम हुनेछ;

(क) आफ्नो व्यक्तिगत विवरण र आवश्यक कागजात गाउँपालिकालाई समयमा नै उपलब्ध गराउनु ,

(ख) आफ्नो पारिश्रमिकबाट कट्टी हुने योगदान रकम र सो को प्रक्रिया बारेमा जानकारी राख्नु,

(ग) सामाजिक सुरक्षा कोषबाट प्रदान गरिने सुविधाहरूको जानकारी राख्नु ,

(घ) आफ्नो पारिश्रमिकबाट योगदान स्वरूप कोष कट्टी भएको रकम कोषमा जम्मा भए नभएको जानकारी लिनु ,

(ङ) कोषबाट प्रदान हुने सेवा सुविधा र लाभ लिन आवश्यक प्रक्रिया पूरा गर्नु ।

(२)योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदानकर्ता दर्ता तथा कोष कट्टी सम्बन्धमा कर्मचारीको अन्य दायित्व तोकिए बमोजिम हुनेछ ।

१०८. **अभिलेख राख्ने** :(१) गाउँपालिकाले प्रत्येक कर्मचारीको योगदानमा आधारित कोष कट्टीको विवरण आवश्यक परेका बखत उपलब्ध हुने गरी भौतिक वा विद्युतीय स्वरूपमा अभिलेख सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२)उपदफा बमोजिमको अभिलेख योगदान (१) कर्ता निवृत्त बहेको कम्तिमा पन्ध्र वर्षसम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ।

यो ऐन प्रारम्भ हुनु अघि गाउँपालिकामा कार्यरत कर्मचारीहरूको हकमा ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र कोषमा योगदान कर्ताको रूपमा दर्ता गर्नु गराउनु पर्नेछ ।

१०९. **ऐन प्राम्भ हुनु अघिका कर्मचारी दर्ता** :यो ऐन प्रारम्भ हुनु अघि गाउँपालिकामा कार्यरत कर्मचारीहरूको हकमा ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रूपमा दर्ता गर्नु गराउनु पर्नेछ ।

११०. **अन्य सुविधा नपाउने** :यस ऐन बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकरण भई सामाजिक सुरक्षा कोषमा

योगदान रकम जम्मा गर्न शुरू गरे पछि प्रचलित कानून बमोजिम सन्चय कोष, उपदान र औषधि उपचार बिमा बापत थप रकम उपलब्ध हुने छैन ।

## परिच्छेद-८

## सजाय र पुनरावेदन

१११. **सजायः** उचित र पर्याप्त कारण भएमा गाउँपालिकाका कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिने छः-

**(क) सामान्य सजायः-**

(१) नसिहत दिने।

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने।

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

**(ख) विशेष सजायः-**

(१) भविष्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने।

(२) भविष्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने।

११२. **<u>नसिहत दिने वा बढीमा पाँच तलब वृद्धि वा बढीमा पाँच वर्ष बढुवा रोक्का गर्नेः</u>** देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई नसिहत दिन वा बढीमा पाँच तलब वृद्धि वा बढीमा पाँच वर्ष बढुवा रोक्का गर्न सकिनेछः-

(क) काम सन्तोषजनक नभएमा,

(ख) सरूवा गरेको कार्यालय वा शाखामा म्यादभित्र हाजिर नभएमा,

(ग) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(घ) कार्यालयले तोकेको म्यादभित्र आफ्नो जिम्मामा रहेको नगद, जिन्सी, बरबुझारथ नगरेमा,

(ङ) यो ऐन वा गाउँपालिकाको लागि बनेका ऐननियममा उल्लिखित

आचरणसँग सम्बन्धित कुराहरू उल्लङ्घन गरेमा,

(च) एक वर्षमा तीन पटक चेतावनी पाएमा,

(छ) अनुशासनहीन काम गरेमा,

(ज) प्रचलित कानूनले तोकेको पदिय दायित्व जिम्मेवारी पूर्वक पूरानगरेमा,

**११३. <u>सेवाबाट हटाउने वा बरखास्त गर्नेः</u>** (१) देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई सेवाबाट भविष्यमा गाउँपालिकाको सेवाको लागि अयोग्य नठहरिने गरी हटाउन सकिने छः-

(क) गाउँपालिकाका कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम र जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) आफ्नो पदीय जिम्मेवारीको बारम्वार वेवास्ता गरेमा,

(घ) बिदा स्वीकृत नगराईस्थायी कर्मचारी लगातार ९० दिन सम्म र अस्थायी

तथा करार सेवाका कर्मचारी १५ दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(ङ) कार्यालय समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा ।

(च) आचरण सम्बन्धी यस ऐनको व्यवस्था वारम्बार उल्लङ्घन गरेमा।

(छ) बारम्बार अनुशासनहीन काम गरेमा।

(२) देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई भविष्यमा गाउँ सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गर्न सकिने छः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ख) भ्रष्टाचार गरेमा।

**११४. <u>सजाय दिने अधिकारीः</u>** (१) अधिकृत स्तरको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले सजाय दिन सक्नेछ।

(२) सहायक स्तरको कर्मचारीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृतले सजाय गर्न सक्नेछ।

**११५. <u>निलम्बन गर्नेः</u>** (१) सजाय गर्नपाउने अधिकारीले देहायको अवस्थामा कमर्चारीलाई निलम्बन गरी सो गरिएको आदेशको एक प्रति सम्बन्धित कर्मचारीलाई र एक प्रति कार्यपालिकालाई दिनुपर्नेछः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा सबुत प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा।

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा गाउँपालिकाको नोक्सानी हुने सम्भावना देखिएमा।

(२) निलम्बन भएको कर्मचारीले निलम्बन अवधिभर खाइपाई आएको मासिक तलबको ५० प्रतिशत मात्र तलव पाउने छ।

तर, निलम्बनमा रहेको कर्मचारीको अभियोग प्रमाणित हुन नसकी फुकुवा भएमा निलम्बनको अवधिको बाँकी तलब भत्ता (वार्षिक वृद्धि पाउने भएमा सो समेत) पाउनेछ।

(३) कर्मचारीलाई साधारणतया ६० दिन भन्दा बढी निलम्बन गरिने छैन सो अवधिभित्र कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ। उक्त अवधि बढाउनु परेमा कार्यपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको कर्मचारी यसरी थुनामा रहको अवधि भर स्वतः निलम्बन भएको मानिने छ।

(५) अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ बमोजिम कारबाहीमा रहेको कर्मचारी स्वतः निलम्बनमा रहेको मानिनेछ।

**११६. <u>सजाय सम्बन्धी कार्यविधिः</u>** (१) सजाय दिने अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई सात दिनको लिखित सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्दछ। यस्तो सूचना दिंदा निज उपर लगाइएको आरोप स्पष्ट रूपमा किटिएको हुनुपर्नेछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

तर, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको कर्मचारीलाई हटाउनु पर्दा उपयुक्त कार्यविधि अपनाउनु पर्ने छैन।

(२) जाँचबुझको काम समाप्त भएपछि सजायको आदेश दिनु भन्दा पहिले सजाय दिने अधिकारीले कर्मचारीलाई जाँचबुझको नतिजा तथा निजलाई दिन लागेको सजायको सूचना दिइने छ र प्रस्तावित सजाय निजलाई किन नदिनू भनी उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यविधि अपनाउँदा कर्मचारीले दिएको ठेगाना पत्ता नलागेमा वा गाउँपालिकाले सम्पर्क गर्न नसकेमा यस्ता कर्मचारीलाई कुनै राष्ट्रियस्तरको दैनिक पत्र पत्रिकामा उचित म्याद दिई सूचना प्रकाशित गरिनेछ।

**११७. पुनरावेदन सुन्ने अधिकारी र पुनरावेदनको कार्यविधिः** विभागीय कारवाही अन्तर्गत सजाय भएमा चित्त नबुझ्ने कर्मचारीले पैंतीस दिनभित्र निम्न बमोजिम पुनरावेदन दिन सक्नेछ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(क) यस ऐन बमोजिम सजाय पाएका कर्मचारीले चित्त नबुझेमा कार्यपालिका समक्ष पुनरावेदन दिन सक्नेछ।

(ख) पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावदेन दिनु पर्नेछ र त्यस्तो पुनरावेदन उचित र आदरसूचक भाषामा लेखिएको हुनु पर्नेछ।

(ग) पुनरावेदन गर्ने कर्मचारीले पुनरावेदनको साथमा आफ्नो सफाइको निमित्त जो भएको सबुत प्रमाण संलग्न राख्नुका साथै जुन आदेशको विरूद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत पेस गर्नु पर्नेछ।

(घ) पुनरावेदन दिंदा पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी निजको कार्यालयमा पुनरावेदन दर्ता गराउनु पर्नेछ।

सिलीचोङ गाँउपालिका स्थानीय राजपत्र

(ङ) पुनरावेदन दिँदा सजायको आदेश दिने अधिकारीलाई समेत बोधार्थ दिनु पर्नेछ।

११८. **पुनरावेदन सुन्ने अधिकारीले अपनाउनुपर्ने कार्यविधिः** (१) कुनै कर्मचारीले आफू उपरको विभागीय सजायको आदेश विरूद्ध दिएको पुनरावेदन रीत नपुगेको भएमा पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो पुनरावेदन लिन अस्वीकार गर्न सक्नेछ।

(२) पुनरावेदन सुन्ने अधिकारीले देहायको कुराहरूमा विचार गर्नु पर्नेछः-

(क) सजायको आदेशमा आधार लिएको कुराहरूको यथार्थता प्रमाणित भइसकेको छ वा छैन।

(ख) प्रमाणित भइसकेका कुराहरूसजाय गर्नको निमित्त पर्याप्त छन् वा छैनन्।

(ग) सजाय गरेको ठीक, पर्याप्त/अपर्याप्त वा वढी के छ।

(३) उपदफा (२) बमोजिम विचार गरी सकेपछि पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

सजाय सदर वा वदर गर्ने वा त्यस्तो सजायलाई घटाउने गरी अन्तिम आदेश दिन सक्ने छ।

(४) पुनरावेदन परेको मितिले साधारणतया तीन महिना भित्र निर्णय गरिसक्नु पर्नेछ।

(५) यस दफा बमोजिम पुनरावेदन सुन्ने निकायबाट बहेको निर्णय उपर चित्त नबुझेमा निर्णय बहेको मितिले ३५ पैतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ

**११९. <u>तलब भत्ता र अन्य सुविधाको दावीः</u>** कर्मचारीलाई सेवाबाट हटाउने, बर्खास्त गर्ने आदेश रद्द भई निजको सेवा पुनः कायम भएमा निजले कार्यालयमा उपस्थित नभएको अवधिको समेत तलब भत्ता दावी गर्न पाउने छ।

## परिच्छेदः ९
## विविध

**१२०. <u>सेवा समूह, उपसमूह परिवर्तनः</u>** (१) गाउँपालिकामा कार्यरत कर्मचारीको सेवा,  समूह, उपसमूह परिवर्तन गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) गाउँपालिकाको सेवामा कार्यरत कर्मचारीको सेवा, समूह तथा उपसमूह परिवर्तन गर्दा जुन सेवा, समूह वा उपसमूहमा परिवर्तन गरिने हो सो पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ।

(ख) गाउँपालिकाको सेवामा कार्यरत कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने सम्बन्धी काम कारबाही गाउँपालिकाको सिफारिसमा प्रदेश लोक सेवा आयोगले एक आर्थिक वर्षमा एक पटक मात्र गर्नेछ।

(ग) सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने कर्मचारीको सेवा अवधि स्थायी नियुक्ति भएको मितिले न्यूनतम तीन वर्ष पूरा गरेको हुनु पर्नेछ।

(२) प्रदेश लोक सेवा आयोगले गाउँपालिकाको सिफारिसमा नबढाई सेवा, समूह वा उपसमूह परिबर्तन

गरिने पद सङ्ख्या किटान गरी विज्ञापन प्रकाशित गर्नेछ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्दा अपनाउनु पर्ने अन्य प्रकिया, दरखास्त दिने तरिका लिखित परीक्षाको पाठ्यक्रम र उपयुक्तता जाँच लिने तरिका समय समयमा कार्यपालिकाले प्रदेश लोक सेवा आयोगको परामर्शमा तोकिदिए बमोजिम हुनेछ।

१२१. **<u>कर्मचारीको सबै समय कार्यालयको अधीनमा हुनेः</u>** (१) कर्मचारीको सबै समय गाउँपालिकाको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई काममा लगाउन सकिनेछ।

(२) कर्मचारीले गाउँपालिकाले तोकेको समयमा कार्यालयमा हाजिर भई तोकिएको समयसम्म कार्यालयमा उपस्थित भई काम गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समय भन्दा बढी समय कर्मचारीलाई काममा लगाउँदा त्यस्तो कर्मचारीलाई तोकिए बमोजिमको भत्ता वा खाजा खर्च दिन सकिनेछ।

१२२. **<u>बरबुझारथ गर्नु पर्नेः</u>** (१) सरूवा बढुवा वा अवकाश पाउने कर्मचारीले गाउँपालिकाले तोकिए बमोजिम बरबझारथ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बरबुझारथको काम जिन्सी र लेखामा काम गर्ने कर्मचारीले एक्काइस दिनमा र अन्य कर्मचारीले सात दिनमा नबढाई गर्नु पर्नेछ।

१२३. **<u>शपथ ग्रहण गर्नुपर्नेः</u>** गाउँपालिकाको सेवामा पहिलो पल्ट नियुक्त भई आफ्नो कार्यभार समाल्नु अघि प्रत्येक कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

१२४. **<u>कर्मचारीको शेषपछि सुविधा पाउने व्यक्तिः</u>** यस ऐन बमोजिम गाउँपालिकाबाट लिन पाउने कुनै रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो रकम लिनको लागि निजले ईच्छाएको व्यक्ति रहेछ भने सोही व्यक्तिले पाउने छ र त्यसरी कुनै व्यक्तिलाई इच्छाइएको रहेनछ भने निजको नातेदारका क्रमको प्रचलित ऐनमा तोकिए बमोजिमका नजिकका नातेदारले पाउनेछ।

१२५. **<u>कर्मचारीको वैयक्तिक विवरण राखेः</u>** गाउँपालिकाको प्रशासन शाखाले सम्पूर्ण कर्मचारीको वैयक्तिक विवरण तोकिएको ढाँचामा अद्यावधिक गरी राख्ने छ।

१२६. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन बमोजिम गाउँसभा, कार्यपालिका, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत अधिकार प्राप्त ब्यक्तिले आफूलाई प्राप्त सबै वा कुनै अधिकार कुनै उपसमिति वा अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१२७. **<u>विभेद गर्न नहुनेः</u>** यस ऐन बमोजिम नियुक्त कुनै कर्मचारी माथि जाती, धर्म, भाषा, वर्ण, लिङ्गका आधारमा विभेद गर्न तथा परिश्रमिक तथा सेवा सुविधा उपभोग गर्न विभेद गर्न पाइने छैन।

१२८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा उल्लेख भए देखि बाहेक गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था कर्म्र्चहारिको सेवा सर्ट र सुविधा सम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

१२९. **राजनीतिमा भाग लिन नहुने**ःगाउँपालिकामा कार्यरत कर्मचारी कुनैपनि राजनैतिक दल वा भातृ संगठनको सदस्य हुन पाउने। यसछैनप्रावधान विपरित सदस्यता लिएको पाईएमा कार्यसम्पादन ल्यांकनमू रोक्का गर्न सकिनेछ।

१३०. **कुनै एक सुविधा मात्र पाउने** ःयस ऐन बमोजिम गाउँपालिकामा सेवा गर्ने कर्मचारीले उपदान, सामजिक सुरक्षा वा योगदानमा आधारित निवृत्तिभरण मध्ये कुनै एक सुविधा मात्र पाउनेछ ।

१३१. **सम्पति विवरण बुझाउनु पर्नेः** आफ्नो र एकाघरका परिवारका सदस्यहरूकोनाममा रहेको सम्पत्ति विवरण गाउँपालिका समक्ष पेश गर्नुपर्ने र वार्षिक रुपमअद्यावधिक गर्नुपर्ने।

१३२. **नियम बनाउन सक्ने** ःयो ऐनको कार्यान्वयनका लागी कार्यपालिकाले आवश्यक  नियमावली बनाउन सक्नेछ ।

१३३. **कार्यविधि र निर्देशिका बनाउन सक्ने** ःयो ऐनको कार्यान्वयनका लागी कार्यपालिकाले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

**१३४. <u>खारेजी र बचाऊ</u>** : देहायका ऐन, निर्देशिका र कार्यविधि खारेज गरिएको छ ।

(क) सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि )नियमित गर्ने( ऐन ,२०७४,

(ख) सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६,

(ग) सिलीचोङ गाउँपालिकाको करार कर्मचारी कल्याण कोष सम्बन्धी कार्यविधी, २०७६,

(घ) सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ ,

(ङ) सिलीचोङ गाउँपालिकाको इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०७६,

(च) सिलीचोङ गाउँपालिकाको कर्मचारी ब्यवस्थापन तथा सेवा शर्त सम्वन्धी कार्यविधि,२०७५,

(छ) सार्वजनिक सेवा तथा क्षमता विकास कार्यविधि, २०७४,

(ज) सार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८०,

(२) उपदफा (१)बमोजिम खारेज भएका ऐन, का, निर्देशिका र मापदण्ड बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**<u>आज्ञाले</u>**

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र